तपाईंको निम्ति परमेश्वरको प्रेमको **सरल सत्यता**

# उनीहरुलाई भनिदेऊ म प्रेम गर्छु

जॉयस मेयर

*#१ न्यूयोर्क टाइम्स्मा अत्याधिक बिक्रि गर्ने लेखिका*

उनीहरुलाई भनिदेऊ

# म प्रेम गर्छु

# उनीहरुलाई भनिदेऊ
# म प्रेम गर्छु

## तपाईको निम्ति परमेश्वरको
## प्रेमको सरल सत्यता


# जॉयस मेयर



P.O. Box 655, Fenton, Missouri 63026

Unless otherwise indicated, all Scripture quotations are taken from The Amplified® Bible (AMP). Copyright © 1954, 1962, 1965, 1987 by The Lockman Foundation. Used by permission.

Scriptures marked NKJV are taken from the New King James Version. Copyright © 1979, 1980, 1982 by Thomas Nelson, Inc.

Scriptures marked KJV are taken from the King James Version of the Bible.

Copyright © 2019 by Joyce Meyer Ministries

All rights reserved. No part of this publication may be reproduced, distributed, or transmitted in any form or by any means, or stored in a database or retrieval system, without the prior written permission of Joyce Meyer Ministries.

Joyce Meyer Ministries
Post Bag No.655,
Fenton, Missouri 63026
Call: (636) 349-0303
Website: www.joycemeyer.org

Tell Them I Love Them - Nepali *(R1-2019)*
*The Simple Truth About God's Love for you*

# विषयसूची


| | |
|---|---|
| परिचय | vii |
| १. परमेश्वरले तपाईलाई प्रेम गर्नुहन्छ | 1 |
| २. के म असल छु | 8 |
| ३. प्रेम सम्बन्ध हो | 17 |
| ४. प्रेम, भरोसा र विश्वास | 25 |
| ५. डरबाट स्वतन्त्रता | 32 |
| ६. प्रेम त्यहाँ पुग्दछ | 38 |
| ७. परमेश्वरको प्रेमले तपाईलाई परिवर्तन गर्दछ | 44 |
| नयाँ जीवनको अनुभव गर्नुहोस् | 48 |

# परिचय

अरु सबै कुरा भन्दा बढी हरेक व्यक्तिले के पाउन आवश्यक छ भने परमेश्वरको प्रेमको व्यक्तिगत प्रकाश हो भनी म विश्वास गर्दछु । यो त्यही बुझाई हो जसले हामीलाई उहाँसँग घनिष्ट जग, व्यक्तिगत सम्बन्ध र एउटा विजयी इसाई जीवन दिदँछ । परमेश्वरको विषयमा हामीलाई "दिमागी ज्ञान" को आवश्यक छैन । हामीलाई हाम्रो हृदयमा उहाँको प्रेमको प्रकाशको खाँचो छ । केवल पवित्र आत्माले मात्र हामीलाई यो दिन सक्नुहुन्छ, र उहाँले यो गर्नुहुन्छ जसै हामी परमेश्वरको प्रेमको मनन गर्दछौं, हाम्रा आफ्नै जीवनमा उहाँको प्रेमलाई पहिचान गर्दछौं, र परमेश्वरको लिखित वचन र प्रार्थनाद्वारा त्यो प्रकाशलाई खोज्दछौं ।

सारा संसारको निम्ति परमेश्वरको प्रेम पर्याप्त छ कि उहाँले हरेकको पापको खातिर येशूलाई मर्नको निम्ति पठाउनुभयो भनी स्विकार गर्नु निकै सजिलो कुरा हो । तर परमेश्वरले तपाईलाई यति धेरै प्रेम गर्नुहुन्छ कि पृथ्वीको सतहमा केवल तपाई एकै जना मात्रै

व्यक्ति भए पनि उहाँले येशूलाई तपाईको निम्ति येशूलाई पठाउनुहुने थियो भनी विश्वास गर्न त्यति नै कठिन छ ।

धेरै वर्षसम्म एक निराश विश्वासी भए पनि, अन्तत्व परमेश्वरको प्रेमको प्रकाशलाई मैले अनुभव गरेँ । परमेश्वरले अनुग्रही तवरले पवित्र आत्माद्वारा अति नै व्यक्तिवत रुपमा म प्रतिको उहाँको प्रेमलाई प्रकाशित गर्नुभयो । त्यही एउटा प्रकाशले मेरो सम्पूर्ण जीवन र उहाँसँगको मेरो सम्बन्धलाई परिवर्तन गरायो ।

मेरो प्रार्थना यही छ कि, जसै तपाईले यो पुस्तक पढ्नुहुन्छ, तपाईले व्यक्तिगत रुपमा परमेश्वरको प्रेमको प्रकाश प्राप्त गर्नुभएकोहोस् । बाइबलमा भएको परमेश्वरको प्रेमको अध्ययनलाई अझ उत्तम बनाउनलाई यस पुस्तकलाई एउटा मार्गदर्शकको रुपमा प्रयोग गर्न र यसलाई बिस्तारी पढ्न र यी पानाहरुमा भएका वचनका खण्डहरु र विचारहरुलाई मनन गर्न म तपाईलाई उत्साह दिदँछु ।

परमेश्वरले तपाईलाई अत्यन्तै प्रेम गर्नुहुन्छ र उहाँको प्रेमलाई हरेक दिन, तपाईको जीवनको हरेक क्षेत्रमा अनुभव गर्नुभएको उहाँ चाहनुहुन्छ जसरी उहाँले मलाई गराउनुभयो ।

र अब यो पुस्तक विनम्रतासाथ म तपाईलाई दिदँछु, यो जानेर कि म परमेश्वरविना केही पनि होइन, र जे पनि प्रकाश र बुझाइहरु उहाँको वचनको विषयमा मैले प्राप्त गरेँ ती सबै केवल उहाँको अनुग्रहद्वारा मात्र हो ।

उनीहरुलाई भनिदेऊ

# म प्रेम गर्छु

# १

# परमेश्वरले तपाईंलाई प्रेम गर्नुहुन्छ

> "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस् ।"
>
> यूहन्ना ३:१६

परमेश्वर परिवारको चाह गर्नुहुनछ, र उहाँ हाम्रो बुबा हुन चाहनुहुन्छ । उहाँसगँ सम्बन्धमा रहनको निम्ति हामी सृजिएका छौँ र उहाँको छोराछोरीहरु हुन, प्रशस्तताको जीवन जीउन जुन जीवन दिनको निम्ति ख्रीष्ट मर्नुभयो । यसको अर्थ हामी उहाँमा भर परेको, उहाँमा ढल्किएको, उहाँलाई प्रेम गरेको र उहाँलाई प्रेम गर्न दिएको उहाँ चाहनुहुन्छ । हामीले उहाँलाई भरोसा गरेको र जब हामीलाई आवश्यक पर्दछ, उहाँको सामु पुगेको उहाँ चाहनुहुन्छ । हामी हरेकले उहाँसँग व्यक्तिगत सम्बन्ध राखेको उहाँ चाहनुहुन्छ ।

यूहन्ना ३:१६ लाई हामी निकै फराकिलो तवरले हेर्ने गर्दछौं । "ओ हो, मलाई थाहा छ कि येशू संसारको लागि मर्नुभयो," भनेर हामी भन्दछौं, तर "संसार" भनेको केवल अस्पष्ट मानिसहरुको भिड होइन जसको लागि येशू मर्नुभयो । उहाँ हामी हरेकको निम्ति मर्नुभयो । उहाँ तपाईको निम्ति मर्नुभयो ।

सत्यता यो हो कि, यदि यो पृथ्वीमा तपाई मात्र हुनुहुन्थ्यो भने पनि, येशू केवल तपाईको निम्ति मात्र भए पनि मर्नुहुने थियो । उहाँ ती सबै पीडा र कष्टबाट भएर जानुहुने थियो जो उहाँले तपाईको निम्ति भोग्नुभयो । परमेश्वरले तपाईलाई अति नै प्रेम गर्नुहुन्छ र उहाँको प्रेम अनन्तसम्म रहिरहन्छ (यर्मिया ३१:३ हेर्नुहोस्) ।

एक दिन म गाडी चलाउँदैथिए, परमेश्वर मेरो हृदयमा बोल्नुभयो र भन्नुभयो, "जॉयस, तिमी मेरो आँखाको नानी हौ ।" शत्रु तत्कालै आएर भन्यो, "के यो घमण्ड होइन र ? तैंले आफूलाई के सोचेको छस्?" त्यसैले मैले विचार गरें, "ओहो ! मैले त्यस्तो सोच्न नहुने रहेछ ।"

हामी विशेष छौं, र हामीसँग अचम्मको वरदानहरु, खुबीहरु र क्षमताहरु छन् भनेर आफ्नो बारेमा मानिलिनु वास्तवमा हाम्रो स्वभाविक विचार गर्ने तरिकाको ठिक विरुद्धमा छ । तर सत्यताचाहिँ यही हो कि हामी हरेक व्यक्तिगत छौं, विशिष्ट तवरले हाम्रो पिताद्वारा सृजिएका छौं । परमेश्वरलाई विविधता मन पर्छ र उहाँले तपाईलाई विशिष्ट रुपमा सृष्टि गर्नुभएको छ, जसको अर्थ तपाईले आफैंलाई अरुसँग तुलना गरेको वा अरुजस्तो बन्ने कोसिस गरेको उहाँ चाहनुहुन्न ।

जस्तो उहाँले तपाईलाई बनाउनुभएको छ, तपाई त्यस्तै नै उहाँको निम्ति एकदमै विशेष हुनुहुन्छ ।

मेरो हृदयमा परमेश्वरले बोल्नुभएको कुराहरुलाई जसै म विचार गर्दै थिए, सुपरमार्केटमा स्याउहरुको थुप्रो अगाडि उभिएकी एउटी स्त्रीको चित्रलाई मैले देखेँ । उनले ती स्याउहरुलाई हेर्दै थिइन् र सबैभन्दा उत्तम स्याउलाई उनले पक्रिन् । परमेश्वरको सन्देश मैले बुझेँ कि उहाँको निम्ति म चाहिँ त्यो उत्तम स्याउ थिएँ । म विशेष थिए । यो ठिक देखिदैंन तर हेर्नुहोस्, परमेश्वरले हामी हरेकलाई त्यसरी नै हेर्नुहुन्छ । यो यस्तो होइन कि उहाँले तपाईलाई चाहिँ अरु सबैभन्दा विशेष हुनुहुन्छ भनेर भन्नुहुन्छ र अरु सबै चाहिँ असल छैनन् । उहाँले भन्नुहुँदैछ कि हामी सबै नै विशेष छौं । परमेश्वरले यो कुरा आफ्नो वचनमा भन्नुभएको छ, र उहाँको वचन हामी सबैको निम्ति हो । तपाई परमेश्वरको आँखाको नानी हुनुहुन्छ ।

त्यो समयमा, परमेश्वरले मलाई जे भन्नुहुँदै थियो, उक्त कुरालाई मैले अपनाउन सकिँन किनभने आफ्नो बारेमा त्यस्तो असल विचार गर्नु मलाई गलत लाग्यो । तर करिब दुई दिनपछि मैले मेरो बाईबल खोंले र भजनसंग्रह १७:८ पदले मलाई हेरिरहेको थियो, “तपाईका आँखाको नानीलाईझैँ मलाई राख्नुहोस् । तपाईको पखेटाको छाँयामुनि मलाई लुकाउनुहोस् ।”

मैले भने, “ओहो ! त्यो त परमेश्वर नै हुनुहुँदो रहेछ । म परमेश्वरको आँखाको नानी हुँ ।” जब जब म यसको विषयमा विचार गर्दछु, हरेक पल्ट म आफैंलाई विशेष महसुस गर्दछु । के तपाईलाई थाहा छ

कि तपाई परमेश्वरको निम्ति धेरै बहुमूल्य हुनुहुन्छ र तपाईले आफैंलाई विशेष, मूल्यवान्, बहुमूल्य र प्रेम गरिएको महसुस गरेको उहाँ चाहनुहुन्छ ?

मानिसहरुको हृदयमा आफूलाई प्रेम गरियोस् भन्ने चाह हुन्छ । परमेश्वरले हामीलाई त्यसरी नै बनाउनुभएको छ। धेरै मानिसहरु यो कुरामा विश्वास गर्छन् कि परमेश्वरले संसारलाई प्रेम गर्नुहुन्छ र येशूलाई प्रेम गर्नुहुन्छ तर परमेश्वरले व्यक्तिगत रुपमा उनीहरुलाई प्रेम गर्नुहुन्छ भन्ने बारेमा विश्वास गर्न बडो कठिन हुन्छ । यद्यपि परमेश्वरले हामीलाई येशूलाई जत्तिकै प्रेम गर्नुहुन्छ भनेर वचनले बताएको छ। यूहन्ना ३:१६ ले हामीलाई यही कुरा देखाउँदछ र हाम्रो जीवनमा त्यसरी नै उहाँको प्रेम आशिषहरु खन्याउन चाहनुहुन्छ, जसरी उहाँले येशूलाई प्रेम गर्नुहुन्छ र येशूलाई आशिष दिनुहुन्छ । यूहन्ना ५:२० ले भन्दछ, "किनभने पिताले पुत्रलाई प्रेम गर्नुहुन्छ र उहाँ आफैंले गरिरहनुभएको सबै काम पुत्रलाई देखाउनुहुन्छ । यी भन्दा महान् काम उहाँले पुत्रलाई देखाउनुहुनेछ र तिमीहरु आश्चर्यचकित हुनेछौं ।"

परमेश्वरले यहाँ भन्दै हुनुहुन्छ कि, "येशूद्वारा म यी महान् कामहरु गरिरहेको छु, र अझ यो भन्दा पनि महान् काम येशूद्वारा गर्नेछु, जसलाई देखेर तिमी आश्चर्यचकित हुनेछौं (मेरो व्याख्या) । हाम्रो आनन्द र रमाहटको खातिर परमेश्वरले यी महान् कामहरु गरेर हामीलाई चकित पार्न चाहनुहुन्छ ।"

हामी यी वचनका पदहरु पढ्दछौं तर परमेश्वरले हाम्रो खातिर यी

महान् कामहरु गर्न चाहनुहुन्छ मात्र होइन तर विशेष गरी हामीद्वारा गर्न चाहनुहुन्छ भन्ने कुरालाई हामी गुमाउँदछौँ । येशुद्वारा परमेश्वरले गर्नुभएको महान् कामहरु हामीले देखेको उहाँ चाहनुहुन्छ र हामीद्वारा उहाँले ती भन्दा पनि महान् काम गर्ने इच्छा गर्नुहुन्छ भन्ने कुरामा विश्वास गरेको पनि उहाँ चाहनुहुन्छ । यूहन्ना १४:१२ पदमा येशूले भन्नुभयो, "साँच्चै, म तिमीहरुलाई भन्दछु, जसले मलाई विश्वास गर्दछ, त्यसले मैले गरेका काम पनि गर्नेछ र तीभन्दा ठूला काम गर्नेछ, किनभने म पिताकहाँ गईरहेछु ।"

हरेक दिन मानिसहरुको निम्ति परमेश्वरले धेरै काम गर्नुहुन्छ किनभने उहाँले तिनीहरुलाई प्रेम गर्नुहुन्छ र पनि मानिसहरुले त्यसलाई देख्दैनन् । उदाहरणको लागि यो कुरामा विचार गर्नुहोस् : हरेक दिन जब सुर्य उदाउँछ, त्यो तपाई र मेरो निम्ति उदाउँछ । विभिन्न थरीका फुलहरु तपाई र मेरो आनन्दको निम्ति फुल्दछन् । परमेश्वरले तपाई र मेरो निम्ति सृष्टि गर्नुभएको यो संसार असाध्यै सुन्दर छ र परमेश्वर हामी त्यसमा रमाएको चाहनुहुन्छ । उत्पत्ति १ मा परमेश्वरले मानिसलाई अधिकार दिनुभयो र भन्नुभयो कि पृथ्वीका सारा स्रोत मानिसले आफ्नो र परमेश्वरका सेवा गर्न प्रयोग गर्न सक्छन् ।

जब झरीको समयमा झरी पर्दछ, त्यो तपाईको निम्ति पर्दछ । जब हिउँ पर्दछ, त्यो तपाईको निम्ति पर्दछ । तपाईका पाईलाहरु परमेश्वरले निर्धारित गर्नुहुन्छ र उहाँले निरन्तर तपाईलाई हेरिराख्नुभएको छ ।

व्यवस्था ७:९ ले भन्दछ, "यसकारण याद राख, परमप्रभु तिमीहरुका

परमेश्वर मात्र परमेश्वर हुनुहुन्छ, एक विश्वासयोग्य परमेश्वर उहाँलाई प्रेम गर्ने र उहाँका आज्ञापालन गर्ने हजारौं पुस्तामाथि उहाँले आफ्नो प्रेमको करार पूरा गर्नुहुन्छ र दया देखाउनुहुन्छ ।"

हामीप्रति परमेश्वरको प्रेम अनन्त र सर्तहीन छ । हामीमध्ये धेरै जना यो विचार गर्दछौं कि हामीले हाम्रो असफलता र गल्तीहरुद्वारा परमेश्वरलाई थकित बनाएका छौं तर हामी त्यसो गर्न सक्दैनौं र हामीले जे नै गरे तापनि हामीलाई प्रेम गर्नबाट परमेश्वरलाई रोक्न सक्दैनौं । प्रेम भनेको परमेश्वरले गर्ने कुरा होइन तर परमेश्वर आफैं नै प्रेम हुनुहुन्छ ।

तपाई एक त्यस्तो खराब व्यक्ति जसलाई परमेश्वरले प्रेम नै गर्न सक्नुहुन्न भनेर यदि तपाई विचार गर्नुहुन्छ भने तपाई गलत हुनुहुन्छ। त्यहाँ यस्तो गहिरो कुनै पनि खाडल छैन जहाँ परमेश्वर पुग्न सक्नुहुन्न र तपाईलाई माथि ल्याउन सक्नुहुन्न । उहाँसँग तपाईलाई पुनस्थापना गर्ने योजना छ । तपाईले ईमान्दार भएर आफ्नो पापको निम्ति परमेश्वरसँग क्षमा माग्नुहुन्छ भने उहाँले केवल तपाईको पापलाई क्षमा मात्र गर्ने होइन तर ती पापहरुलाई सम्भनुहुनेछैन र पूर्वदेखि पश्चिम जति टाढा छ त्यति नै टाढा तपाईको पापलाई तपाईबाट टाढा राख्नुहुनेछ (भजनसंग्रह १०३:१०-१२ एमप्लिफाइड अनुवादमा हेर्नुहोस्) ।

तपाईले भन्नुहोला, "मैले येशूलाई मेरो हृदयमा स्वीकार गरेको छु र म उहाँलाई प्रेम गर्दछु ।" तर म तपाईलाई सोध्न चाहन्छु, कि

## *परमेश्वरले तपाईलाई प्रेम गर्नुहुन्छ*

परमेश्वरले तपाईलाई प्रेम गर्नुहुन्छ भनेर तपाई कति विश्वास गर्नुहुन्छ ?

अनन्त, सर्तहीन परमेश्वरको प्रेम एक सरल सन्देश हो, र साथै सबै कुराहरुलाई बुझ्नको निम्ति तपाईको जीवनमा परमेश्वरले बसाल्नुपर्ने आधारभूत जग पनि हो । म यो विश्वास गर्दछु कि यो हाम्रो जीवनमा सबै चङ्गाईलाई ल्याउने सुरुवात हो । अरु जुनसुकै कुरा तपाईले सिक्नु भएपनि र जति नै धेरै अध्ययन गर्नु भए तापनि यदि तपाईले परमेश्वरले तपाईलाई सित्तैमा र उद्धारचित्तले प्रेम गर्नुहुन्छ भन्ने सत्यतालाई स्विकार गर्नुभएन भने उहाँसँगको हिँडाईमा तपाई त्यति अघि बढ्न सक्नुहुनेछैन । विश्वासद्वारा हामीले परमेश्वरबाट प्राप्त गर्दछौँ, तर विश्वास पनि प्रेमद्वारा नै काम गर्दछ (गलाती ५:६ लाई हेर्नुहोस्) । त्यसैले जबसम्म हामीले परमेश्वरको प्रेमलाई प्राप्त गर्दैनौँ, हामी अरु कुराहरु पनि प्राप्त गर्न सक्दैनौँ ।

परमेश्वरको प्रेमले हामीलाई डरबिना पनि जिउनको लागि सक्रिय पार्दछ (हेर्नुहोस् १ यूहन्ना ४:१८), जोचाहिँ जीवनमा रमाउन र हाम्रो गन्तव्यलाई पूरा गर्न निकै महत्वपूर्ण छ । के तपाई परमेश्वरबाटको सित्तैको प्रेमलाई प्राप्त गर्न चाहनुहुन्छ ? यो बिक्रिमा राखिएको होइन; असल काम गरेर तपाईले यसलाई किन्न सक्नुहुन्न... तपाईले गर्न सक्ने एउटै काम छ, त्यो हो प्राप्त गर्नु, प्राप्त गर्नु र प्राप्त गर्नु ।

# २

# के म असल छु ?

यस्तो आशाले कहिल्यै निरुत्साहित, छलमा अथवा लाजमा पार्दैन, कारण परमेश्वरको प्रेम हाम्रो हृदयमा खन्याइएको छ पवित्र आत्माद्वारा जो हाम्रो लागि दिइएको छ । जब हामी हाम्रो कमजोर अवस्थामा नै थियौँ (आफैँलाई सहायता गर्न नसक्ने शक्ति-विहीनतामा) त्यो सुयोग्य समयमा ख्रीष्ट मर्नुभयो अईश्वरीयहरुको साटोमा । अब यो असाधारण कुरा हो, कोही एक जनाले धर्मी मान्छेको लागि नै जीवन दिन्छु भन्दा पनि, सायद एक आदरणीय र प्रेमिलो र उद्धारताले दिने उपकारकको लागि कोही मर्न पनि हिम्मत गर्छन् होला तर परमेश्वरले उहाँको आफ्नो प्रेम हामीलाई यो तथ्य कुराद्वारा देखाउनु र स्पष्ट रुपमा प्रमाणित पार्नुहुन्छ कि हामी पापी छदैं ख्रीष्ट (मसीह, अभिषिक्त एक जना) हाम्रो लागि मर्नुभयो। त्यसैले, अब उप्रान्त हामी धर्मी ठहरिएका छौं (निर्दोष

> घोषित गरिएको, धर्मी बनाइएको र परमेश्वरको सही सम्बन्धमा ल्याइएको) ख्रीष्टको रगतद्वारा अझ कति धेरै (निश्चित रुपमा) हामी परमेश्वरको रीस र क्रोधबाट ख्रीष्टमा बचाइएका छौँ । जसै हामी परमेश्वरको शत्रु थियौँ, परमेश्वरको पुत्रको मृत्यूद्वारा परमेश्वरसँगको मिलापमा ल्याइएका छौँ । अब अझ ज्यादै (निश्चित रुपमा) मेलमिलापमा भएकोले, हामी बचाइने छौँ (दैनिक पापको प्रभुत्वबाट छुट्कारा पाउँदै) उहाँको (पुनरुत्थान भएको) जीवनद्वारा ।
>
> - रोमी ५:५-१०

यो एकदमै सजिलो छ विश्वास गर्नलाई कि जबसम्म हामी गल्ती गर्दैनौँ, तबसम्म परमेश्वरले हामीलाई प्रेम गरिराख्नुहुन्छ। यो भनाईसँग समस्या के छ भने, धेरै जसो मानिसले आफैँलाई मन पराउँदैनन् अनि यसले मानिसहरुलाई यो महसुस गर्न लगाउँछ कि सायद परमेश्वरले पनि उनीहरुलाई त्यति साह्रो मन पराउनुहुन्न । तरै पनि बाइबलले यसरी भन्दछ, मानिस के हो र, जसको बारेमा तपाई निरन्तर सोच्नुहुन्छ ? (भजनसंग्रह ८:४) । हामी परमेश्वरका सृष्टि हौँ, र सामान्यतया यसरी राख्नुहोस् कि परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ किनभने उहाँले हामीलाई प्रेम गर्नुहुन्छ ।

उहाँ स्वयम् प्रेम हुनुहुन्छ (हेर्नुहोस्, १ यूहन्ना ४:१६) । परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ किनभने उहाँ प्रेम गर्न चाहनुहुन्छ । उहाँले तपाईलाई प्रेम गर्नुहुन्छ र तपाई खास हुनुहुन्छ। यसको मतलब तपाई

विशिष्ट र अद्वितीय हुनुहुन्छ, तपाई म जस्तो हुनुपर्छ भन्ने छैन र म पनि तपाईजस्तो हुनुपर्छ भन्ने छैन । यदि तपाईले आफ्नो जीवन अरुसँग दाँज्नु र प्रतिस्पर्धामा बिताउनुभयो भने तपाईको जीवन दयनीय हुनेछ । यसले केवल दुश्मनलाई मौका दिन्छ यो भन्नलाई कि तपाई त्यति असल हुनुहुन्न । सत्यता यो हो कि परमेश्वरसँग तपाईले म ज्यादै असल छु भनी देखाउनुपर्दैन । येशू नै तपाईको ठाउँमा ज्यादै असल भइसक्नुभएको छ । उहाँले तपाईको पापको मूल्य तिर्नुभो र तपाईले पाउनुपर्ने सजाय लिनुभयो ।

बाइबलले भन्छ यदि उहाँले तपाईलाई यति ज्यादा प्रेम गर्नुभयो कि उहाँ तपाईको लागि मर्न पनि तयार हुनुभयो भने, कति ज्यादा उहाँको रगतले धर्मी ठहऱ्याएर, अब अहिले उहाँले तपाईलाई प्रेम गर्नुहुन्छ ? (हेर्नुहोस्, रोमी ५:८-९) उहाँले पक्कै पनि तपाईलाई पर्याप्त प्रेम गर्नुहुन्छ, तपाईको दिनदिनैको गल्ती ढाक्नलाई र सबै अधर्मबाट सफा राख्नलाई ।

यहाँ एउटा उदाहरण छ, कसरी मेरो विचारमा परमेश्वरले हाम्रो गल्ती र कमी कमजोरीलाई हेर्नुहुन्छ । कल्पना गर्नुहोस् एउटा सानो ३–४ वर्षको बालकलाई, जसले जहिले पनि आफ्नो आमाले घरको काम गरेको हेरिरहन्छ । उसले आमालाई यति धेरै प्रेम गर्छ कि उसले सानो पानीले भरेको बाल्टिन लिन्छ र सानो कपडा लिएर काठले बारेको झ्यालको अगाडिको दलानमा जान्छ । उनले झ्याल एकदमै मज्जाले सफा गर्छ, त्यसपछि कागजको तौलिया लिएर पुस्छ ।

अवश्य झ्याल झन् मैलाले छिर्केमिर्के र साबुनले लतपत हुन्छ र

त्यो सानो नानीले आमाको सबभन्दा राम्रो सफा गर्ने कपडा प्रयोग गरेको हुन्छ । तर त्यो नानी आउँछिन् र आफ्नो सानो मिठो आवाजमा भन्छिन्, “आमा, आमा ! मैले तपाईको झ्याल धोईदिए । मैले तपाईको लागि असल काम गरिदिएको छु । म तपाईलाई प्रेम गर्छु आमा ।”

यो प्रेमिलो आमाले भन्नुहुन्छ, “ओहो ! तिमीले एकदमै राम्रो काम गर्‍यौ । सहायताको लागि धन्यवाद ।” त्यसपछि जब त्यो नानी अरु नै कुरामा व्यस्त हुन्छ, आमाले सबै लथालिङ्ग कामलाई सफा गर्नुहुन्छ । केहि बेरपछि आमाले छोरीलाई उत्साह दिँदै, “अर्को पल्ट चाहिँ गर्नुभन्दा अगाडि सहायता माग्नु, ताकि तिमीले सही प्रकारले कसरी गर्ने भनी सिक्नेछौ” भन्नुहुन्छ । यस्तो नै परमेश्वरले हाम्रो लागि पनि गर्नुहुन्छ । र उहाँले सबै कुरालाई असलको लागि काम गराउन सक्षम हुनुहुन्छ । हामी उहाँलाई प्रेम गर्छौं र उहाँको उद्देश्य अनुसार बोलाइएका छौँ (हेर्नुहोस् रोमी ८:२८) । यदि तपाई जति उत्कृष्ट गर्न सक्नुहुन्छ, त्यति नै गर्दै हुनुहुन्छ भने, यति नै हो जो परमेश्वरले तपाईबाट अपेक्षा गर्नुहुन्छ । उहाँले गर्न सक्नुहुन्छ र सहायता गर्नुहुनेछ, यदि निरन्तर उहाँलाई खोज्नुहुन्छ भने उहाँले तपाईको प्रगति गराउनुहुनेछ । उहाँले तपाईलाई एउटा महिमादेखि अर्को महिमामा उहाँको रुपअनुसार बदल्नुहुनेछ (हेर्नुहोस् २ कोरिन्थी ३:१८) ।

> “जसलाई परमेश्वरले पठाउनुभएको छ, उसले परमेश्वरको नै वचन बोल्छ (परमेश्वरको नै वचन घोषणा गर्छ) परमेश्वरले त्यसलाई उहाँको आत्मा थोरै र नापअनुसार दिनुहुन्न तर असिमित मात्रामा

> परमेश्वरको आत्माको वरदान दिनुहुन्छ। पिताले पुत्रलाई प्रेम गर्नुहुन्छ र सबै कुरा (समर्पित, प्रतिबद्ध) उहाँको हातमा दिनुभएको छ ।" (यूहन्ना ३:३४–३५)

एकदिन जब म यो पद अध्ययन गर्दैथिएँ, म हर्षले चिच्याएँ जब थाहा पाएँ कि परमेश्वरले कहिले पनि उहाँको आत्मा नापेर दिनुहुन्न । उहाँले यसको अलिकति चिमटेर र त्यसको अलिकति चिमटेर दिनुहुन्न । उहाँ उद्धारचित्तले दिनुहुने हुनुहुन्छ र तपाईले माग्न सक्ने, सोच्न सक्ने अथवा कल्पना गर्नेभन्दा ज्यादै मात्रामा, प्रशस्ततामा र माथि गर्न सक्नुहुन्छ ।

व्यवस्था ७:६-७ ले यसरी भन्दछ, "किनकि परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति तिमीहरू एक पवित्र र अलग गरिएका जाति हौ । परमप्रभु तिमीहरूका परमेश्वरले पृथ्वीमा भएका सबै मानिसहरूमध्येबाट आफ्नो निम्ति एक विशेष जाति, एक अमूल्य सम्पत्ति बनाउन तिमीहरूलाई छान्नुभएको छ । तिमीहरू संख्यामा अरू जातिहरूभन्दा धेरै भएकाले परमप्रभुले तिमीहरूलाई प्रेम गर्नुभएको वा छान्नुभएको होइन, किनकि तिमीहरू त संख्यामा सबै जातिहभन्दा कम थियौ ।"

यो यस्तो कुरा हो, जसको बारेमा हामी उत्साहित हुन सक्छौं । परमेश्वर भन्नुहुन्छ, "मैले मेरो प्रेम तिमीमाथि राखेको छु, र म तिमीलाई भन्छु, तिमी पवित्र छौ, म तिमीलाई भन्छु कि तिमी विशेष छौ । तिमी पर्याप्त मात्रामा आफैंमा असल भएकोले कारणले होइन तर मैले प्रेम गरेको कारणले तिमीलाई छनौट गरें । के तपाईलाई थाहा छ,

परमेश्वरले तपाईले के गर्नुभएको चाहनुहुन्छ ? तपाईले उहाँको प्रेमलाई स्विकार्नु भएको उहाँ चाहनुहुन्छ ।

तपाईको जीवनमा के के गलत छ, परमेश्वरलाई भन्न रोक्नुहोस्; आखिरमा तपाई उहाँको लागि अचम्मको कुरा हुनुहुन्न । जब उहाँले तपाईलाई उहाँको सम्बन्धमा ल्याउनुभयो, उहाँलाई तपाईको बारेमा सबै कुरा थाहा थियो, ती सबै गल्तीहरु पनि जो तपाईले गर्नुहुनेथियो ।

प्राय हामी सबै जनासँग भएको ठूलो समस्या भनेको, हामी आफैंले आफैंलाई मन पराउदैनौं र यो कारणले गर्दा, परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ भनेर विश्वास गर्दैनौं न त कसैले नै गर्छ र त्यसपछि हामी सोच्छौं उनीहरुले कसरी प्रेम गर्न सक्छ र ? म यस्तो लथालिङ्ग व्यक्ति छु र यदि तपाई आफैंलाई डरलाग्दो व्यक्ति भनेर सोच्नुहुन्छ भने सायद तपाई डरलाग्दो व्यक्तिको जस्तै व्यवहार गर्नुहुनेछ । सत्यताचाहिँ यही हो, तपाईले जस्तो आफैंलाई आफ्नो हृदयमा चित्रण गर्नुभएको छ, त्यो भन्दा माथि कहिले उठ्न सक्नुहुन्न ।

मेरो ठूलो समस्या भनेको आफैंले मन नपराउनु थियो र मैले प्राय जसो समय आफैंलाई जस्तो सोच्थेँ त्यस्तो बनाउनुमा खर्च गरेँ । उदाहरणको लागि, मैले सोच्थेँ कि म धेरै बोल्छु, त्यसैले म शान्त हुने प्रयास गर्थें । तर जब म शान्त हुन्थेँ, म निराश र उदास हुन्थेँ र सबै जना जान्न चाहन्थेँ कि म किन यति धेरै शान्त छु । त्यसपछि म सोच्थेँ, *तिमीले नै भनेको होइन मेरो ठूलो मुख छ र म धेरै नबोल्ने प्रयास गरिरहेकोछु । मलाई एक्लै छोडिदेऊ !*

म तपाईलाई भन्न सक्दिनँ, म कति वर्षहरु यी परिस्थिति भएर गएँ र घरी-घरी मेरो बोलीको समस्यामा पर्थें कारण म आफैँलाई परिवर्तन गर्न खोज्दै थिएँ र हरेक पल्ट मलाई यो भन्नलाई दुष्ट तयार हुन्थ्यो कि म कति धेरै नराम्रो (डरलाग्दो, काम बिगार्ने) छु । उसले निरन्तर मलाई दोष र ग्लानी महसुस गराउथ्यो कारण ऊ निरन्तर हामीलाई दोषी र अपराधी महसुस गराउन काम गरिरहन्छ । त्यसकारण मैले बुझेँ, जब म गल्ती गर्छु त्यति खेर परमेश्वरले मलाई प्रेम गर्नुहुन्छ भनी विश्वास गर्नु निकै चुनौती हुन सक्छ ।

परमेश्वर तपाई दोष र दण्डको भावनाबाट स्वतन्त्र भएको चाहनुहुन्छ तर तपाईलाई स्वतन्त्र हुनको निम्ति विश्वास र साहसको आवश्यक छ । के तपाईलाई थाहा छ कि तपाईले महसुस गर्नुभएको दोषको तह वा गहिराईले, तपाईले गर्नुभएको वा गर्नुहुने एउटा गल्तीको पनि भुक्तानी गर्न सक्दैन । म फेरि पनि भन्न चाहन्छु, तपाईले गल्ति गर्नु हुँदा पनि परमेश्वरले तपाईलाई प्रेम गर्नुहुन्छ भनी विश्वास गर्नु एक चुनौती हुन सक्छ ।

अब दुष्टले तपाईलाई तपाई कति खराब हुनुहुन्छ भन्ने सोचले सताउन प्रयास गर्ला । "तिमीले यो अब गरिसक्यौ" उसले भन्छ, "तिमीले आफैँले आफैँलाई के सोच्छौ ? परमेश्वरले तिमीलाई कहिले पनि आशिष दिनुहुनेछैन । तिमीले राम्रो गर्नुपर्थ्यो । अब तिमीले येशूको बारेमा कसैलाई भन्न सक्दैनौ । परमेश्वरले तिमीलाई प्रयोग गर्न सक्नुहुन्न र उहाँले तिम्रो प्रार्थनाको उत्तर दिनुहुन्न । तिमीले केही सही गर्न सक्दैनौ ।"

त्यतिखेर साहससँग खडा भएर यसो भन्नलाई परमेश्वरमा विश्वास चाहिन्छ :

“पिता मैले गल्ती गरेँ र तपाईलाई बिन्ती गर्छु मलाई क्षमा गरि दिनुहोस् । मैले जे गरेँ पनि त्यसको निम्ति ईमान्दारीपूर्वक माफ माग्छु र मलाई तपाईबाट क्षमा चाहिन्छ ।” दुष्टलाई जवाफ दिनु पनि असल छ । त्यसलाई सम्झाई दिनुहोस् कि येशूले तपाईको पापको मूल्य चुकाई सक्नुभयो र तपाईले क्षमा पाईसक्नुभएको छ, र दोष र दण्डको आज्ञाबाट स्वतन्त्र पारिनुभएको छ । तपाईको जीवनमा काम गरिहेको परमेश्वरको वचनको शक्तिले नै परमेश्वरप्रतिको तपाईको विश्वासलाई र भरोसालाई निर्माण गर्नेछ । त्यसपछि तपाई आफ्नो जीवनको आनन्द लिन सक्नुहुन्छ र अरुहरुको लागि आशिष बन्न सक्नुहुन्छ ।

तपाईले सोचिरहनुभएको होला, किन म घरी-घरी यहि मुर्ख काम गरिरहन्छु ? म पनि यसरी सोच्ने गर्थें, तबसम्म जब मैले आफैँलाई यी कुराहरुले निन्दा हुनबाट रोक्ने निर्णय गरेँ । जब तपाईले गल्ती गर्नुभएको कुराहरुको दोष र निन्दामा नजिउने निर्णय लिनुहुन्छ, यसले तपाईलाई घरी-घरी त्यही गल्ती गर्नबाट रोक्छ ।

निन्दा र दोषी भावनाले तपाईलाई त्यो बिन्दुसम्म थिच्छ र निराश बनाउँछ कि तपाई स्वतन्त्र नै हुन सक्नुहुन्न । यसले तपाईलाई कमजोर पार्दछ र पापमा पर्नलाई सजिलो बनाईदिन्छ । त्यही भएर परमेश्वरको क्षमाको वरदान लिन र दोषी भावनालाई विरोध गर्न तपाई साहसी हुनुपर्छ ।

परमेश्वरको वचनले जे भन्छ, त्यसको विश्वासमा जिउने छनोट गर्नुपर्छ र निन्दामा लट्पटिन इन्कार गर्नुपर्छ । दुष्टले अझै पनि भन्नेछ,

यसको मतलब, “तिमी त्यस कुराको बारेमा खराब महसुस पनि गर्दैनौं । किन, कमसेकम केही घण्टाको लागि मात्र भए पनि तिमीले खराब महसुस गर्नुपर्ने हो । तिमीले गरेको त्यो काम एकदमै खराब थियो ।” तर तपाईले त्यतिखेर भन्नुपर्ने कुरा यति नै हो कि, “म महसुस गर्नेछैन, म यसको बारेमा अलिकति पनि खराब महसुस गर्नेछैन ।” त्यसपछि परमेश्वरबाट सहायता पाउनलाई र त्यो भावना हटाउनको लागि अनुग्रह पाउनलाई प्रार्थना गर्नुहोस् । पहिला केही चोटि यसो गर्दा कठिन हुनसक्छ तर गर्दै जाँदा सजिलो हुनेछ ।

यशैया ५३ मा, हामी यो पढ्छौं कि जब येशूले हाम्रो पाप हाम्रो लागि लिनुभयो, उहाँले दोषलाई पनि लिनुभयो (र यसमा निन्दाको भावना पनि पर्छ) दुष्टले तपाई दोषी भावनाबाट स्वतन्त्र भएको चाहदैंन, किन ? किनभने जब तपाई दोषी महसुस गर्नुहुन्छ, तपाईले साँच्चिकै परमेश्वरको प्रेमलाई लिन सक्नुहुन्न । दोषी भावनाले तपाईलाई परमेश्वरबाट अलग गर्छ र तपाई उहाँको उपस्थितिमा आनन्दित हुन सक्नुहुन्न । यसले तपाईको केन्द्रबिन्दु परमेश्वरबाट हटाउँछ र आफैंमाथि राखिदिन्छ ।

जब परमेश्वरले उहाँको अनुग्रह हाम्रो सबै पाप छोप्नलाई पर्याप्त छ भन्नुभयो, यो कुरामा विश्वास गरेर तपाई दोषी भावनाबाट स्वतन्त्र भएर जिउन सक्नुहुन्छ, उहाँले यो निश्चय भन्नुभयो । उहाँले तपाईलाई प्रेम गर्नुहुन्छ, र उहाँको अनुग्रह र क्षमा तपाईको लागि वरदानहरु हुन् । आज नै यी कुराहरुलाई लिनुहोस् !

# ३

# प्रेम सम्बन्ध हो

"यसरी हामीप्रति भएको परमेश्वरको प्रेम हामी जान्दछौँ (बुझ्दछौँ, चिन्दछौँ, सचेत छौँ, अवलोकनद्वारा र अनुभवद्वारा) र विश्वास गर्दछौँ (पालन गर्न र विश्वासलाई धारण गर्न र भर पर्न) । परमेश्वर प्रेम हुनुहुन्छ र जो प्रेममा रहन्छ र त्यो परमेश्वरमा रहन्छ र परमेश्वर उसमा रहनुहुन्छ ।"

- १ यूहन्ना ४:१६

वचनले भनेजस्तै, परमेश्वर प्रेम हुनुहुन्छ र हामीले उहाँको प्रेमलाई पहिचान गरेको, अनुभव गरेको र उहाँको प्रेमको विषयमा सचेत रहेको उहाँ चाहनुहुन्छ । त्यसो भए तपाई कसरी परमेश्वरको प्रेमको विषयमा अझ बढी सचेत रहन सक्नुहुन्छ त ? परमेश्वरले तपाईलाई जति नै प्रेम गरे तापनि यदि तपाई उहाँको प्रेमको विषयमा सचेत हुनुहुन्न भने, त्यसले तपाईलाई केही फाईदा दिँदैन । यो विषयमा

विचार गर्नुहोस् कि कसैले तपाईलाई अत्यन्तै प्रेम देखायो भने तपाईलाई कस्तो महसुस हुन्छ । जब तपाई जान्नुहुन्छ कि तपाई प्रेम गरिएको हुनुहुन्छ, यसले तपाईलाई विश्वस्त बनाउँदछ । परमेश्वरले तपाईलाई प्रेम गर्नुहुन्छ र उहाँ त्यो प्रेम तपाईलाई प्रकट गराउन चाहनुहुन्छ । हामी हरेकलाई उहाँ अझ गहिराईमा जान, घनिष्ट हुन, व्यक्तिगत सम्बन्ध राख्न उहाँले निमन्त्रणा दिनुहुन्छ । हामीले गर्ने हरेक कुरामा उहाँलाई हामीले निमन्त्रणा दिएको पनि उहाँ चाहनुहुन्छ र एउटा असल साथीजस्तै निरन्तर उहाँसँग कुराकानी गरेको चाहनुहुन्छ ।

के परमेश्वरसँग तपाईको वास्तविक व्यक्तिगत सम्बन्ध छ ? जब हामी नयाँ गरी जन्मदँछौं, हामी स्वतः परमेश्वरको सम्बन्धमा बलियो हुँदैनौं । हामीले उहाँसँगको सम्बन्धलाई विकास गर्नुपर्दछ, जसरी हामी अरु व्यक्तिहरुसँगको सम्बन्धमा गर्दछौं ।

परमेश्वरसँग गम्भीर भएर हिँड्नभन्दा धेरै वर्ष अगाडि देखि नै म एक विश्वासी थिएँ । म आईतबार मण्डली जान्थेँ र साथै स्वयम्-सेवकको रुपमा मण्डलीमा सहायता पनि गर्दथेँ, तर पनि परमेश्वर मेरो जीवनको मुख्य भाग हुनुहुन्थेन । म रित्तो र खाली महसुस गर्ने गर्थें । अहिले, हरेक बिहानी मैले पहिले सोच्ने र रातमा सबैभन्दा अन्तिम सोच्ने व्यक्ति उहाँ हुनुहुन्छ । दिनभरी नै हामी एकसाथ संगति गर्दछौं र उहाँको सेवा गर्नु र उहाँलाई प्रसन्न तुल्याउनु बाहेक अरु कुनै कुरा गर्ने चाहना ममा छैन । हरेक व्यक्तिभित्र परमेश्वरले आकार दिनुभएको ठाउँ हुन्छ- एउटा खाली ठाउँ जो केवल परमेश्वरले मात्र भर्न सक्नुहुन्छ । तपाईले पछ्याउनुभएका

र इच्छा गर्नुभएका अरु कुनै पनि कुराले त्यस ठाउँलाई भर्न सक्दैन । म तपाईलाई यो उत्साह दिँदछु कि तपाई आफैँलाई यो प्रश्न सोध्नुहोस्, परमेश्वरसँगको मेरो सम्बन्धमा म कत्तिको गम्भीर छु ? के म उहाँलाई र उहाँको इच्छालाई मेरो जीवनमा अरु सबै थोकभन्दा अगाडी राख्न इच्छुक छु ? प्रेरित १७:२८ मा "हामी उहाँमा जिउँछौं, र उहाँमा चहलपहल गर्छौं र उहाँमा हाम्रो अस्तित्व छ ।" भनेर पावलले भनेजस्तै के म यो भन्न सक्छु ?

परमेश्वरले तपाईलाई प्रेम गर्नुहुन्छ र तपाई उहाँको निम्ति विशेष हुनुहुन्छ । उहाँसँग सम्बन्ध राख्न उहाँले तपाईलाई सृजनुभएको छ । उहाँको महान् इच्छा र सिद्ध इच्छा तपाईको जीवनको निम्ति यही नै हो । हरेक दिनको सुरुवातमा तपाईको हृदयमा कानेखुशी गर्दै परमेश्वरले यसो भन्नुहुन्छ, "शुभ-बिहानी, म तिमीलाई प्रेम गर्दछु ।" यदि तपाईले उहाँलाई यसो भन्दै गरेको सुन्नुभएको छैन भने, के तपाई सुन्न र विश्वास गर्न सुरु गर्नुहुन्छ ?

मेरो एक जना साथीले यो चित्र देख्नुभयो कि पिता अमेरिकामा भएको हरेक घरमा पुग्नुभयो । मानिसहरुसँग संगती गर्न र कुराकानी गर्न तयार भएर परमेश्वर जानुभयो । उहाँले आफ्नो निम्ति टेवल र कुर्सी राख्नुभयो र उहाँ त्यसमा बस्नुभयो । मानिसहरु उठे र उनीहरु आए र उनीहरु गए; उनीहरु आए र उनीहरु गए । उनीहरुले परमेश्वरलाई यसो भन्दै गरे, "पछि, केहि बेर यही नै बस्नुहोस् परमेश्वर ! जसै म मेरो काम सिध्याउनेछु, म तपाईसँग कुरा गर्नेछु । म तपाईसँग पछि संगति गर्नेछु परमेश्वर ! पछि परमेश्वर, पछि परमेश्वर !"

दिनको अन्त्य भयो । परमेश्वर दुःखित हुँदै उनीहरुको घरबाट निस्किनुभयो किनभने त्यो दिन उहाँसँग कुरा गर्न कोही पनि आएनन् । सबै जना निकै व्यस्त थिए, उनीहरुले महत्वपूर्ण भनेका कामहरुमा सबै नै यति व्यस्त थिए कि उनीहरुसँग परमेश्वरको निम्ति थोरै समय पनि थिएन ।

परमेश्वरको निम्ति ज्यादै व्यस्त पनि नबन्नुहोस् । यदि तपाईसँग प्रार्थना गर्ने र उहाँसँग समय बिताउने समय छैन भने तपाई अत्यन्तै व्यस्त हुनुहुन्छ । केही समय लिनुहोस् र परमेश्वरलाई भन्नुहोस् कि तपाई उहाँलाई कति प्रेम गर्नुहुन्छ । जब सबै कुरा बितेर जान्छ, त्यहाँ परमेश्वर सिवाय अरु केही कुरा पनि हुँदैन । त्यही नै हो र यदि तपाई परमेश्वरसँग नै सम्बन्धमा हुनुहुन्न भने त्यसबेला सम्बन्ध सुरु गर्न अलि ढिलो हुनेछ । मेरो बाबा भर्खरै प्रभुमा सुत्नुभयो, र म अत्यन्तै खुशी छु कि उहाँले उहाँको मृत्युभन्दा ३ वर्षअघि येशूलाई आफ्नो प्रभु र मुक्तिदाताको रुपमा स्विकार गर्नुभयो । मेरो बाबा स्वर्ग जानु भए तापनि परमेश्वरको निम्ति जयवन्त भएर जीवन बिताउने त्यो आनन्दलाई उहाँले गुमाउनुभयो । उहाँ सधैं नै आफ्नै निम्ति मात्र जिउनुभयो । आफ्नो जीवनको अन्त्यमा पुगेर पछुतोले नभरिनुहोस् कि तपाईले ती कुराहरुमा आफ्नो जीवन खेर फाल्नुभयो, जसको केही अर्थ नै छैन । समय परमेश्वरबाटको बहुमूल्य उपहार हो, र हामी सबैले यो ध्यान दिनुपर्छ कि हामीले हाम्रो समय के कुरामा खर्च गर्दैछौं । हेर्नुहोस् एक पल्ट खर्च गरेको समय हामीले फेरि पाउँदैनौं । परमेश्वरसँगको समयले अद्भुत इनामलाई ल्याउँदछ तर अरु थोकहरुले केवल उच्च मूल्यमा सस्तो खुशीलाई मात्र ल्याउँदछ ।

यो आउने वर्ष परमेश्वरको प्रेममा ध्यान दिने, प्रेमको विषयमा वचनका खण्डहरु अध्ययन गर्ने उत्साह म तपाईलाई दिँदछु कि तपाईले उहाँको प्रेमलाई प्राप्त गर्न सिक्नुभएको होस् । परमेश्वरको प्रेमले जीवनमा पूर्णता, शान्ति, आनन्द र जोशलाई ल्याउँदछ र उहाँको बालक भएर आराम र आनन्द लिएको उहाँ चाहनुहुन्छ । उहाँ को हुनुहुन्छ भन्ने बारेमा वचनमा खण्डहरु अध्ययन गर्नुहोस् र उहाँलाई अझ राम्रोसँग जान्नुहोस् ।

१ यूहन्ना ४:१६ ले भन्दछ, "यसरी हामीप्रति भएको परमेश्वरको प्रेम हामी जान्दछौं (बुझ्दछौं, चिन्दछौं, सचेत हुदँछौं, अवलोकनद्वारा र अनुभवद्वारा) र विश्वास गर्छौं (पालन गर्न, र विश्वासलाई धारण गर्न र भर गर्न) ।"

बिहान सबेरै तपाईलाई प्रेम गरिएको महसुस नहुन सक्छ। तपाईसँग बल नहुन सक्छ, र भन्न सक्नुहुन्छ कि आजको दिन गनगन गर्न निकै सजिलो होला। असल समाचार के छ भने, उत्साहको वचन र विश्वास बोलेर तपाईले आफ्नो मनोवृत्तिलाई परिवर्तन गर्न सक्नुहुन्छ । चर्को स्वरले भन्नुहोस् कि "मलाई परमेश्वरले अत्यन्तै प्रेम गर्नुहुन्छ । म उहाँको आँखाको नानी हुँ र उहाँसँग मेरो निम्ति असल योजना छ ।" यदि तपाईले आफ्नो समस्याको साटोमा परमेश्वर र उहाँको वचनको विषयमा कुरा गर्नुभयो भने तपाईको पूरै दिन बदल्न सक्छ ।

तपाईले आफैँसँग यो भन्नुपर्छ र परमेश्वरको प्रेमले तपाईलाई घेरि राखेको छ भन्ने विषयमा तपाई सचेत रहनुपर्दछ। परमेश्वरले तपाईको तस्विरलाई उहाँको हत्केलामा खोप्नुभएको छ भनेर हामीलाई वचनले

भन्दछ (हेर्नुहोस् यशैया ४९:१६) । परमेश्वरले यसो भनिरहेको म देख्ने गर्दछु, “हेर त, देख्यौं ? ओहो, के यी सुन्दर छैनन् र ? म यसलाई साह्रै प्रेम गर्दछु । हेर, मेरा नानीहरुलाई, यहाँ मेरा हत्केलामा ।” उहाँले तपाईलाई प्रेम गर्नुहुन्छ र तपाईसँग संगति गर्न उहाँ चाह गर्नुहुन्छ भन्ने कुरालाई निरन्तर याद दिलाउनको निम्ति तपाई त्यहाँ (उहाँको हत्केलामा) हुनुहुन्छ ।

परमेश्वरलाई धन्यवाद दिन र निरन्तर कायम रहने उहाँसँगको संगति र सम्बन्धलाई विकास गर्न सधैं याद गर्नुहोस् । कहिलेकाही आफ्नो सबै कामलाई पन्छ्याउनुहोस् र समय लिएर उहाँलाई जान्न पाउनभएको निम्ति उहाँलाई धन्यवाद भन्नुहोस् कि उहाँ कत्ति अच्चम्मको हुनुहुन्छ । आराम गर्नुहोस् र परमेश्वरलाई प्रेम गर्नुहोस् । १ यहून्ना ४:१६-१७ ले भन्दछ, “यसरी हामीप्रति भएको परमेश्वरको प्रेम हामी जान्दछौं र विश्वास गर्छौं । परमेश्वर प्रेम हुनुहुन्छ, र जो प्रेममा रहन्छ त्यो परमेश्वरमा रहन्छ, र परमेश्वर उसमा रहनुहुन्छ । न्यायको दिनको निमति हामी पूर्ण भरोसासाथ बस्न सकौं भनेर प्रेम यसैमा हामीमा सिद्ध भएको हुन्छ । किनकि उहाँ जस्तो हुनुहुन्छ हामी पनि यस संसारमा त्यस्तै छौं ।”

परमेश्वरले तपाईलाई प्रेम गर्नुहुन्छ भन्ने कुरा जान्नाले तपाईलाई उहाँमा विश्वस्त बनाउँदछ र उहाँको विश्वासयोग्यतामा भरोसा गर्न सक्नुहुन्छ । सबै आशिष जो उहाँसँग तपाईको निम्ति छ ती सबै तपाईको निम्ति छ जसै तपाई परमेश्वरलाई आफूलाई प्रेम गर्न दिनुहुन्छ; महान विश्वास, पापमाथि विजय, तपाईको हृदयमा

परमेश्वरको शान्ति, चङ्गाई, उहाँकै वरदानहरुले भरपूर भएको जीवन, र आनन्द । र यी सबै तपाईको जीवनमा आउँदछन् जसै तपाई परमेश्वरलाई प्रेम गर्ने अनुमति दिनुहुन्छ । धेरै पटक हामी त्यसलाई उल्टाउदछौं र सोच्दछौं, लौ मैले परमेश्वरलाई प्रेम गर्नुपर्दछ । म विश्वास गर्दछु कि पहिले तपाईले परमेश्वरलाई तपाईलाई प्रेम गर्न दिनुपर्दछ । मलाई लाग्दैन कि परमेश्वरलाई तपाईलाई प्रेम गर्न नदिई तपाई आफ्नो प्रेम उहाँलाई व्यक्त गर्न सक्नुहुन्छ । बाइबलले यसरी भन्दछ कि, हामी उहाँलाई प्रेम गदछौं कारण उहाँले पहिले हामीलाई प्रेम गर्नुभयो । (हेर्नुहोस् १ यहून्ना ४:१९)

जब हामी जान्दछौं कि परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ र उहाँको प्रेमलाई ग्रहण गर्दछौं, हामी पनि उहाँलाई प्रेम गर्न सक्दछौं । त्यसपछि हामी उहाँसँग संगति गर्न सक्दछौं । तपाई अचम्म मान्नुहोला कि तपाईले परमेश्वरसँगको संगतिलाई कसरी अनुभव गर्ने ? जब परमेश्वरले मलाई उहाँसँग संगति गर्नु भनेर भन्नुभयो, म आफ्नो सोफामा बसेँ र भने, “अब के त, प्रभु ?” त्यही हो । मलाई थाहा थिएन कि परमेश्वरसँग कसरी संगति गर्ने किनभने, त्यस समय मलाई वास्तवमा परमेश्वरले कत्ति प्रेम गर्नु हुन्छ भनेर थाहा नै थिएन, र म उहाँको साथी र स्थिर सङ्गी बनेको उहाँ चाहनुहुन्छ भन्ने उहाँको चाहनालाई बुझ्न सकिँन । जसै म उहाँसँग प्रार्थनामा, वचन अध्ययन र उहाँको उपस्थितिमा शान्त समयहरु बिताउन थालेँ, तब परमेश्वरसँगको संगतिमा रमाउन सिँके ।

म तपाईलाई शुरुको कदम बढाउन उत्साह दिन चाहान्छु । उहाँसँग कसरी संगति गर्ने भनी तपाईलाई सिकाउन उहाँलाई यो मौका दिनुहोस् । म तपाईलाई उहाँसँग संगति गर्ने सुत्र दिन चाहन्नँ । तपाईलाई बुँदा १, २, ३ र अरु भनेर पनि दिन चाहान्न । म चाहान्छु कि तपाई उहाँको पवित्र आत्माद्वारा डोऱ्याईनु भएको होस् । तपाई उहाँसँग सहज महशुस गरेको परमेश्वर चाहनुहुन्छ, एफिसी ३:१७ अनुसार तपाईको हृदय ख्रीष्टको घर हो ।

# ४

# प्रेम, भरोसा र विश्वास

"ख्रीष्ट येशूमा न त खतना केही मूल्यको न बेखतना केही मूल्यको हुन्छ । तर एउटै कुराको मात्र मूल्य छ, अनि त्यो हो– प्रेमद्वारा काम गर्ने विश्वास ।"

- गलाति ५:६

हामी मध्ये धेरै जना हाम्रो अधिकाशं समयः विश्वासलाई प्राप्त गर्ने प्रयत्नमा बिताउदछौं । हामी यो जान्दछौं कि विश्वास विना परमेश्वरलाई प्रशन्न तुल्यानु असम्भव छ (हेर्नुहोस् हिब्रू ११:६) । त्यसैले हामी धेरै विश्वास पाउनको निम्ती काम र विभिन्न कोशिसहरु गर्दछौं । तर विश्वास चाहीँ हाम्रो हृदयमा हुर्किदछ, र यो हामीले केवल परमेश्वरसँगको प्रेमिलो संगति र उहाँको वचनको सुनाईद्वारा मात्र प्राप्त गर्न सक्दछौं । यो केवल परमेश्वरको प्रकाशद्वारा आउँदछ । म बास्तवमा विश्वासको बारेमा सिकाउन त सक्दिन तर म तपाईहरुलाई

विश्वासको सिद्धान्तहरुको बारेमा सिकाउनु सक्छु र तपाईलाई उक्त विषयमा यति भोको बनाउन सक्छु कि तपाई त्यसलाई प्राप्त गर्न जे पनि गर्न तयार हुनुहुनेछ । विश्वास त्यो हात हो जो परमेश्वरकहाँ पुग्दछ र उहाँबाट प्राप्त गर्दछ ।

विश्वासलाई प्राप्त गर्न र परमेश्वरलाई प्रशन्न पार्न हामीले गर्ने कठिन संघर्षलाई हामीले बन्द गर्नुपर्छ र उहाँको प्रेमलाई पाउँदै र उहाँको प्रेमलाई प्राप्त गर्दै उहाँसँग समय विताउन सुरु गर्नुपर्छ ।

दोस्रो कोरिन्थी ५:७ ले भन्दछ, "किनकि हामी विश्वासद्वारा (हामी हाम्रो जीवनहरु र कार्यहरु हाम्रो आस्था र विश्वास परमेश्वरसँग मानिसको सम्बन्ध, ईश्वरीय वस्तुहरु, भरोसा र पवित्र चावको आधारमा विनियम्ति गर्दछौं) देखिने वा उपस्थितिको आधारमा होइन ।" एक पल्ट जब म उक्त पद पढ्दै थिएँ, परमेश्वरले केहि गतिशील कुराहरु मेरो हृदयमा बोल्नुभयो । उहाँले मलाई देखाउनु हुदैं थियो कि विश्वासमा हिँड्ने मेरो चाह र प्रयत्न होइन जसले काम गर्दछ । यो खण्डले भन्दछ, कि परमेश्वरसँगको मेरो सम्बन्धको विषयमा म के विश्वास गर्दछु त्यसको आधारमा मात्र म विश्वासमा हिँड्न सक्दछु । एकछिन रोक्नुहोस् र यसको विषयमा विचार गर्नुहोस् । परमेश्वर सँगको तपाईको सम्बन्धको विषयमा तपाईं कस्तो महसुस गर्नुहुन्छ आफैलाई सोध्नुहोस् । एउटा व्यक्ति जसले आफैलाई परमेश्वरको दृष्टिमा अधर्मि हुँ भनि विश्वास गर्दछ, त्यो व्यक्तिले विश्वासमा हिँड्ने अपेक्षा गर्न सक्दैन । येशू ख्रीष्टको बलिदानद्धारा हामी परमेश्वरसँग ठिक बनाइएकाछौं (हेर्नुहोस् २ कोरिन्थी ५:२१) । हाम्रो धार्मिकता हामीले के

गरेका छौँ वा गर्ने छौँ भन्ने कुरामा आधारित छैनः यो त येशूले जे गर्नुभयो त्यसमा आधारित छ । त्यसैले आफुलाई दयनीय असफलता र परमेश्वरले आफुलाई प्रेम गर्नुहुन्न भनि विश्वास गर्दछ, त्यो व्यक्ति विश्वासमा हिँड्न सक्दैन ।

गलाती ५:६ ले भन्दछ, कि विश्वासले प्रेमद्वारा काम गर्दछ । धेरै मानिसहरु यस्तो विचार गर्दछन् कि यस पदको अर्थ यो हो कि यदि उनीहरुले अरु मानिसहरुलाई प्रेम गर्न सके भने, त्यसपछि उनीहरुको विश्वासले परमेश्वरबाट जे चाहान्छन् उनीहरुले त्यो प्राप्त गर्दछन् । परमेश्वरले हामी प्रेममा हिँडेको चाहानुभए तापनि, त्यसो गर्न असम्भव छ, जबसम्म हामी पहिले हामीलाई परमेश्वरलाई दिँदैनौँ । यो निकै सरल छ जे कुरा हामीसँग छैन त्यो हामी दिन पनि सक्दैनौँ । धेरै वर्ष मैले यो परमेश्वरको प्रेम हो भनेर मानिसहसँग प्रेममा हिँड्ने प्रयत्न गरेँ, तर तब सम्म म हरेक पल्ट असफल भएँ जबसम्म मैले मेरो निम्ति परमेश्वरको सर्तरहित प्रेमलाई प्राप्त गरिनँ । जति मैले आफ्नो विषयमा उत्तम महशुस गर्न थालेँ त्यति नै म मानिसहरु कहाँ वास्तविक प्रेम सहित पुग्न सक्षम भएँ । परमेश्वरले तपाईंलाई कत्ति प्रेम गर्नुहुन्छ भनी तपाईंले थाहा पाउनु हुन्छ, त्यत्ति नै थोरै परमेश्वरबाट प्राप्त गर्नको निम्ति कठिनाइलाई सामना गर्नुहुन्छ र तपाईंको आवश्कताहरु पनि पुरा हुदँछन् । मानिसहरुले परमेश्वरबाट प्राप्त नगर्नुको कारण के हो भने उनीहरु यो विश्वासै गर्दैनन् कि परमेश्वरले उनीहरुलाई प्रेम गर्नुहुन्छ र उनीहरुको सबै आवश्यक्ताहरु पुरा गर्न चाहानुहुन्छ र आशिष दिन चाहनुहुन्छ ।

तपाईले भन्नुहोला “म त्यसमा विश्वास गर्न चाहन्छु, तर कसरी?” परमेश्वरको प्रेम तपाईभित्र छ, र तपाईले गर्नुपर्ने कुरा भनेको तपाईले त्यस प्रेमलाई पहिचान गर्नुपर्‍यो जब उहाँले त्यो प्रेम तपाईलाई देखाउनुहुन्छ । बाइबलले भन्दछ, हामी उहाँलाई प्रेम गर्दछौं कारण पहिले उहाँले हामीलाई प्रेम गर्नुभयो (१ यूहन्ना ४:१९) । यदि परमेश्वरले पहिले तपाईलाई प्रेम गर्नुभयो भन्ने कुरामा तपाई निश्चित हुनुहुन्न भने परमेश्वरलाई प्रेम गर्ने कुरा तपाईको  निम्ति असम्भव बन्न सक्छ ।

परमेश्वरको प्रेम तपाईको हृदयमा छ ... भित्र तल गहिराईमा तपाई भित्र छ । र तपाईले यसलाई जान्नुहुनेछ जसै तपाईले आफैलाई परमेश्वरले जस्तै गरी हेर्न शुरु गर्नुहुनेछ । उहाँको निम्ति तपाई अचम्मको, सुन्दर, प्रतिभाशाली, र बहुमुल्य हुनुहुन्छ भनी उहाँ भन्नुहुन्छ । परमेश्वरले तपाईलाई प्रेम गर्नुहुन्छ । संसारमा भएको कुनै व्यक्तिले तपाईलाई परमेश्वरले जसरी प्रेम गर्न सक्दैन । जति धेरै तपाई परमेश्वरको प्रेममा मनन गर्नुहुन्छ, त्यति नै धेरै तपाई आफ्नो विश्वासलाई फुकाउन र उहाँले चाहानु भएको जीवनलाई बिताउन सक्षम बन्नुहुनेछ ।

तपाईले परमेश्वर अरु कसैको आवश्यक्ता छैन तर उहाँले नै तपाईको जीवनमा मानिसहरुलाई राख्नुभएको छ । सत्यता यहि नै हो कि यदि त्यहाँ तपाई र परमेश्वर र तपाई मात्र हुनुहुन्छ भने, तपाईमा कुनै समस्या आउने छैन । परमेश्वर नै तपाईको असल मित्र बन्नुहुनेछ । यदि अरु कोही छैन भने उहाँ नै तपाईको सहयोगी बन्नुहुनेछ । यदि तपाईको आमा बाबा हुनुहुन्न भने उहाँ नै तपाईको आमा बाबा पनि

बन्नुहुनेछ । तपाईलाई आवश्यक परेको सबै थोक नै उहाँ हुनुहुन्छ ।

केवल आफ्नो निम्ति काम गरिदिनुहोस् भनेर परमेश्वरसँग माग्ने गल्ति नगर्नुहोस्, उहाँ अझ धेरै तपाईको जीवनमा हुनको निम्ति माग्नुहोस् । उहाँको पूर्णताले तपाई भरिपूर्ण हुनुभएको होस् भनेर माग्नुहोस् (हेर्नुहोस् एफिसी ३:१६,१९)

परमेश्वरले तपाईलाई प्रेम गर्नुहुन्छ र तपाईको सबै खाँचोहरु पूरा गर्न र तपाईको हृदयका मनोरथहरु पूरा गर्न चाहनुहुन्छ। जबसम्म तपाईले आफैलाई उहाँमा आनन्दित तुल्याउनुहुन्छ, उहाँको तरिकामा र उहाँको समयमा ती कुराहरु उहाँले तपाईलाई दिनुहुन्छ (हेर्नुहोस् भजनसँग्रह ३७:४) । परमेश्वरले अब्राहामलाई भन्नुभयो कि उहाँले उनलाई आशिष दिनुहुन्छ र अरुको निम्ति उनलाई आशिष बनाउनुहुन्छ । त्यहि कुरा नै परमेश्वरले तपाईको निम्ति पनि गर्न चाहानुहुन्छ, तपाईले यो यसमा विश्वास गर्नुपर्छ। आफ्नो विश्वासलाई फुकाउनुहोस् र परमेश्वरको सबै प्रतिज्ञाहरुमा विश्वास गर्नुहोस् किनभने ती तपाईको निम्ति हुन् ।

## विश्वासको विरुद्ध शरीरका कामहरु

एफिसी २:८ ले भन्दछ, "किनभने सित्तैको अनुग्रह (परमेश्वरको कमाउन नसकिने निगाह) बाट तिमीहरुले उद्धार पाएको छौ ।" उद्धार पाउनको निम्ति तपाईले केही गर्नुपरेन भन्ने कुरा के तपाईले थाहा गर्नुभयो ? जब येशूले हामीलाई बचाउनुभयो तब हामी सबै जना दुष्ट पापीहरु थियौं, र उहाँको उद्धारको वरदान पक्कै पनि हाम्रो असल कामहरुमा

वा कुनै कुरा ठिक गर्ने हाम्रो क्षमतामा आधारित थिएन । तर त्यो त केवल एउटा कारणले थियो, परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्नो एक मात्र पुत्र हामीलाई दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस् (हेर्नुहोस् यूहन्ना ३:१६) ।

तपाईको जीवनमा भएको सबै खाँचोहरुलाई पूरा गर्न परमेश्वरको शक्तिलाई प्रयोग गर्न चाहने तपाईको इच्छालाई हामी अनुग्रह भनेर परिभाषित गर्न सक्छौं । जसरी परमेश्वरले तपाईलाई अनुग्रहबाट उद्धार पाउनको निम्ति प्रशस्त विश्वास दिनुभयो, उहाँले नै उहाँको प्रेमको कारणले गर्दा तपाईलाई आवश्यक भएको थोकहरु वा तपाईका चाहनाहरुलाई प्राप्त गर्नको निम्ति विश्वास गर्ने विश्वास पनि उहाँले नै दिनुहुन्छ । तपाईका प्रियहरुले येशूलाई स्विकार गरुन् भन्ने तपाईको चाहना होला, तर तपाईले कसैलाई परमेश्वरलाई प्रेम गर्ने बनाउन सक्नुहुन्न । उनीहरुको हृदयमा काम गरिदिनुहोस् भनेर तपाईले प्रार्थनामा उहाँसँग माग्न सक्नुहुन्छ तर आफ्नै कामहरुद्वारा तपाईले यसलाई पूरा गर्न सक्नुहुन्न ।

शरीरका कामहरु वा ती कार्यहरु जो हामी आफ्नै बलमा गर्दछौं, त्यस्ता कार्यहरुले हामीलाई सधैं नै निराश बनाउँदछ किनभने हामी त्यो कार्य गर्ने कोशिशमा हुन्छौं जो केवल परमेश्वरले मात्र गर्न सक्नुहुन्छ । हामी काम गरिरहेका हुन्छौं र असल प्रतिफल पाउन सकिरहेका हुँदैनौं । हामीले के गर्नुपर्छ भने परमेश्वरको सामु आफैलाई नम्र बनाउनुपर्छ र उहाँसँग सहायता माग्नुपर्दछ । १ पत्रुस ५:५ मा बाइबलले यसरी भन्दछ कि परमेश्वर आफैले नै घमण्डलाई पराजित

पार्नुहुन्छ, तर उहाँले नम्रहरुलाई "अनुग्रह (निगाह, आशिष) दिनुहुन्छ ।"

हाम्रो जीवनमा परमेश्वरको अनुग्रह ज्यादै महत्व छ । हामी अनुग्रह बाट विश्वासद्वारा बचाइएका हौँ, र जसरी हामीले उद्धार पायौँ त्यसरी नै अनुग्रहबाट विश्वासद्वारा हामीले दैनिक रुपमा हाम्रो जीवन जीउनुपर्छ। जसै तपाईले आफ्नो जीवनमा परमेश्वरको प्रेमको जगलाई बसाल्नुहुन्छ, त्यसपछि तपाई उहाँलाई भरोसा गर्न शुरु गर्नुहुन्छ । तपाई देखिने कुराको आधारमा नभई विश्वासद्वारा हिड्न सक्नुहुन्छ । परमेश्वर आफ्नो प्रतिज्ञाहरुलाई पूरा गर्न विश्वासयोग्य हुनुहुन्छ भनी तपाईले आफ्नो हृदयमा जान्नुहुनेछ ।

एमप्लिफाईड बाइबल अनुसार विश्वास भनेको "तपाईको सम्पूर्ण मानविय व्यक्तित्वले नै परमेश्वरमा ढल्किनु, उहाँको शक्ति प्रति निरपेक्ष भरोसा र निर्धक्कपना बुद्धि र भलोपना हो" (कलस्सी १:४) । जसै तपाईले परमेश्वरलाई प्रेम गर्ने अनुमति दिनुहुन्छ, तपाईले पनि त्यसो गर्न सक्षम बन्नुहुनेछ। परमेश्वरसँगको तपाईको सम्बन्ध जत्ति गहिराईको जाँदछ त्यति नै तपाईको बिश्वास महान हुनेछ । परमेश्वरले तपाईमा र तपाईद्वारा साथसाथै तपाईको लागि महान काम गर्नुभएको तपाईले देख्नुहुनेछ, तर यी सबै तब मात्र शुरुवात हुन्छ जब तपाईले उहाँको प्रेमको प्रकाशलाई प्राप्त गर्नुहुन्छ । परमेश्वरले तपाईलाई प्रेम गर्नुहुन्छ ! त्यसमा कहिल्यै सन्देह नगर्नुहोस् ।

# ५

# डरबाट स्वतन्त्रता

> प्रेममा त्यहाँ कुनै डर छैन (भय अस्तित्वमा नै छैन) तर पुरा हुर्किएको (पूर्ण, सिद्ध) प्रेमले डरलाई ढोकाबाटै बाहिर पुऱ्याउछ र हरेक आतंकको पाइलालाई खारीज गर्छ । किनकि डरले आफैसँग सजायको विचार ल्याउछ, र जो डराउँछ त्यो प्रेमको पूर्ण परिपक्वतामा पुगेको हुँदैन (अझ पनि प्रेमको पूर्ण सिद्धतामा हुर्केको छैन) ।
>
> - १ यूहन्ना ४:१८

हाम्रो विश्वास ठिकै छ, परमेश्वरमा भरोसा गर्दैछौं र उहाँले प्रेम गर्नुहुन्छ भन्ने निश्चयताको बिन्दुमा हामी पुग्न सक्छौं । त्यसपछि अचानक शत्रुले हामीलाई आक्रमण गर्न केही कुरा पठाउँछ ।

हाम्रो जीवनका परिस्थितिहरु - हाम्रो जीवनमा घटेका ती खराब घटनाहरु - जसले अरु कुनै थोकले भन्दा पनि बढि हाम्रो विश्वासलाई

जाँच्न सक्छ। कति मानिसहरुलाई परमेश्वरले उनीहरुलाई प्रेम गर्नुहुन्छ भनी विश्वास गर्नु ठुलो समस्या हुँदैन जब सम्म परिस्थितीले परमेश्वरले उनीहरुलाई प्रेम गर्नु हुँदैन जस्तो देखाइदिन्छ ।

यति बेला हाम्रो शत्रु, डर र दोषी भावना लिएर आउँदछ तपाईलाई त्यही महत्वपूर्ण कुराबाट अलग गर्न जसले तपाईलाई सहायता गर्दछ– जुन चाहीँ परमेश्वरको प्रेम हो । त्यसो भए, यसको बारेमा के त तर दुश्मनले भन्छ, "मैले सोचेको थिए परमेश्वरले तिमीलाई प्रेम गर्नुहुन्छ, त्यसो भए यी खराब कुराहरु किन तिम्रो जीवनमा भईरहेको छ, तिमीले पक्कै पनि केही नराम्रो काम गऱ्यौ । परमेश्वर साँच्चिकै तिमीहरुसँग रिसाउनु भएको छ ।"

परीक्षा र सतावटको समयहरुमा, ती समयहरु जुन अनुचित र अन्याय जस्तो लाग्छ, यि समयहरुमा परमेश्वरबाट निश्चयता गुमाउनु सजिलो हुन्छ। परमेश्वरले कसरी र कहिले काम गर्नुहुन्छ भनी हामीले सोचे अनुसार उहाँले काम गर्नुहुन्न । उहाँसँग योजना छ, जुन हाम्रो योजना भन्दा अति नै महान छ। हाम्रो परिस्थितिहरुलाई जति परिवर्तन गर्न चाहानुन्छ त्यो भन्दा ज्यादै मात्रामा उहाँले हामीलाई परिवर्तन गर्न चाहानुहुन्छ र कतिपल्ट उहाँले पिडादायी परिस्थितिहरुलाई पनि उहाँमा हाम्रो विश्वास निर्माण गर्नलाई उपयोग गर्नुहुन्छ र उहाँमा मात्रै भरोसा गर्न हामीलाई सिकाउन साहायता गर्नुहुन्छ । यस्ता समयहरुमा, हामी के भईराखेको छ बुझ्न नसकौंला । यति बेला हामीले रोमी ८:३५–३९ याद गर्नुपर्छ, जसले भन्छ, कसैले पनि हामीलाई परमेश्वरको प्रेमबाट अलग गर्न सक्दैन र ख्रीष्टमा हामी विजेताहरु

भन्दा महान हौं । जब हामी समस्यामा हुन्छौं, सबैभन्दा उत्तम कुरा जुन हामी गर्न सक्छौं, त्यो चाहीँ परमेश्वर मलाई थाहा छ तपाईले मलाई प्रेम गर्नुहुन्छ र म विश्वास गर्छु यसले मेरो भलाईको लागी नै काम गर्नेछ भनि स्विकार्नु हो ।

कहिलेकाहि परमेश्वर तबसम्म हामीलाई छुटाउनलाई पर्खनुहुन्छ जब हामी सोच्छौं कि अब चैं एकदमै ढिलो भईसक्यो । तपाई लाजरसलाई याद गर्नुहुन्छ ? ऊ बिरामी थियो, तर येशू लाजरस नमरुञ्जेलसम्म पर्खिराख्नुभयो र ऊ र उसको परिवारको सहायता गर्न जानलाई । मार्थाले येशूलाई भनिन् कि येशू साह्रै ढिला हुनुभयो, तर येशूले के गर्दै हुनुहुन्थ्यो, उहाँलाई ठ्याक्कै थाहा थियो र लाजरसलाई यसरी जीवनमा पून: ल्याइयो कि परमेश्वरको महिमा महान् तरिकामा भयो । परमेश्वर तपाईको समयतालिका अनुसार नचल्नुहोला तर उहाँ कहिले पनि ढिला हुनुहुनेछैन । जब तपाईको जीवनमा समस्याहरु आउँछन्, तपाईको ध्यान परमेश्वरमा नै राख्नुहोस् र विश्वासलाई सक्रिय बनाउनुहोस् । कहिले पनि डर र भ्रमलाई तपाईबाट परमेश्वरको प्रेमलाई चोर्न नदिनुहोस् ।

१ यूहन्ना ४:१८ एकदमै शक्तिशाली पद हो । सिद्ध प्रेमले डरलाई हटाउँछ । यसलाई बुझ्ने प्रयासमा मैले घरीघरी यो पदलाई मनन गरेँ, र एकदिन मैले बुझेँ । सिद्ध प्रेमले डरलाई हटाउँछ र परमेश्वर त्यो सिद्ध प्रेम हुनुहुन्छ, जब तपाई बुझ्नुहुन्छ कति सिद्ध छ त्यो प्रेम तपाईप्रति, तपाईले डरले तपाईलाई नियन्त्रण गर्न दिनुहुन्न । यद्यपि

तपाईलाई डर महसुस होला, तपाई निरन्तर परमेश्वरमा अघि बढ्नुहुनेछ किनभने तपाईलाई थाहा छ कि उहाँ तपाईसँग सदैव हुनुहुन्छ ।

यदि तपाईलाई थाहा छ कि परमेश्वरले तपाईलाई प्रेम गर्नुहुन्छ, तपाईको निम्ति असफलतादेखि डराउनु असम्भव हुन्छ । तपाई स्वतन्त्र हुनुहुन्छ कुनै कुरा प्रयास गर्नुलाई किनभने तपाईलाई थाहा छ परमेश्वरको प्रेम र स्विकार तपाईको काममा आधारित छैन । यदि तपाई परमेश्वरमा भर पर्नुभएको छ भने तपाई असफल हुन सक्नुहुन्न । एउटै कारणले मात्र तपाई असफल हुन सक्नुहुन्छ, जब तपाई आफैंमा भर पर्नुहुन्छ । तपाईले योजना बनाएको जस्तै ठ्याक्कै कामहरु नहोलान्, तर यदि तपाईले आफ्नो आँखा परमेश्वरमा लगाउनुभयो भने ठिक हुँदै जानेछन् । यदि तपाईलाई थाहा छ, परमेश्वरले तपाईलाई प्रेम गर्नुहुन्छ, तपाई असफलतादेखि, अस्विकारदेखि, अभावदेखि, विगतदेखि, भविष्यदेखि अथवा कुनै कुरादेखि डराउनुहुनेछैन ।

परमेश्वरको प्रेम यति महान् छ कि यसले सबै कुरा ढाक्दछ । के तपाई सोच्नुहुन्छ कि त्यही परमेश्वर जसले तपाईलाई बचाउनुभयो र स्वतन्त्र पार्नुभयो, उहाँले तपाईलाई असफल महसुस गराउनुहुन्छ र ? उहाँले तपाईलाई सहायताविहिन छोड्नुहुनेछ र ? शैतान हाम्रो प्राणको दुश्मन हो । त्यो चोर र फटा हो तर येशू हामीले प्रशस्त जीवन पाएको र आनन्द लिएको चाहनुहुन्छ (यूहन्ना १०:१० हेर्नुहोस्) ।

एमप्लिफाईड बाइबलमा, १ यूहन्ना ४:१८ ले भन्दछ, त्यहाँ प्रेममा कुनै डर छैन (भय अस्तित्वमा छैन) तर पूरो हुर्किएको (पूर्ण, सिद्ध) प्रेमले डरलाई ढोकाबाटै बाहिर पुर्‍याउँछ र हरेक आतंकको पाईलालाई

खारेज गर्छ, किनकि डरले आफैँसँग सजायको विचार ल्याउँछ र जो डराउँछ, त्यो प्रेमको पूर्ण परिपक्वतामा पुगेको हुँदैन (अझै पनि प्रेमको पूर्ण सिद्धतामा हुर्केको छैन) ।

ठिक पछि जब परमेश्वरले मलाई उहाँको प्रेमले डरलाई हटाउँछ भनी बुझ्न सहायता गर्नुभयो, मैले यो ज्ञानलाई अभ्यासमा लगाउनुपऱ्यो । हाम्रो कारको समस्या भईराखेको थियो । हामीले सोच्यौँ, संचारण (TRANSMISSION) बाहिर गयो र संचारण फेर्न हामीसँग पैसा थिएन । त्यसकारण हामीले कार चलाईराख्यौँ, यो आशामा कि संचारण तल झर्नेछैन ।

एक बिहानी मैले यो महसुस गरेँ कि परमेश्वरले मलाई यो वचनद्वारा उत्साह दिनुभयो, "जॉयस, आजको दिन मलाई प्रेम गर्नमा बिताऊ र मलाई पनि तिमीलाई प्रेम गर्न देऊ । आज तिमीले केही गर्नुपर्दैन । तिमीले महान् विश्वासको स्त्री हुन प्रयास गर्नुपर्दैन । तिमीले गर्नुपर्ने यति नै हो कि मेरो प्रेममा रहिरहो ।"

त्यसकारण म परमेश्वरको निम्ति गित बनाउँदै गाउँदैथिए र अचम्मको समय बिताउँदैथिए । तब अचानक, काममा जानुभएको ४५ मिनेटपछि मैले मेरो श्रीमान्लाई कारखानामा सुने, उहाँले ढोका खोल्नुभयो र भन्नुभयो, मैले पहिलो गियरमा कार निकाल्नु नै सकिन । अब हामीले यसलाई भित्र लग्नुपर्छ र बनाउनुपर्छ ।

मैले ढोका बन्द गरेँ र हाँस्न थालेँ । सामान्यतया म यस्तो गर्दिनथेँ र त्यो क्षणमा मैले विचार गरेको कुरा पनि थिएन, यो आफैँ भयो । किनभने मैले परमेश्वरलाई प्रेम गर्न दिईरहेको थिए । म गाह्रो

परिस्थितिको बीचमा पनि हाँस्न सकेँ । परमेश्वरको प्रेममा रहँदा डरको साटो विश्वास आउनको लागि ढोका खोलिन्छ । म केवल हाँस्न थालेँ र यो विश्वास थियो । म हाँसेँ किनभने भित्री गहिराईमा मैले जानेँ कि परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ र हाम्रो लागि जुटाउनुहुनेछ ।

अब्राहामले विश्वासको हाँसो हाँसे । जब परमेश्वर अब्राहामकोमा आउनुभयो र भन्नुभयो, "तिमीले छोरा जन्माउनेछौ ।" अब्राहाम हाँसे । उनलाई थाहा थियो, त्यहाँ कुनै उपाय छैन, स्वभाविक रुपमा बोल्दा, उनले र साराले नानी पाउन सक्दैन थिए, तर उनले परमेश्वरमा विश्वास गरे र उनको आनन्द अत्याधिक रुपमा हाँसोमा परिणत भयो ।

म विश्वास गर्दछु, जब हामी त्यसरी सञ्चालन हुन्छौँ, यसले अचम्म तरिकाले हाम्रो जीवनमा काम गर्नलाई परमेश्वरको लागि ढोका खोल्दछ । जब समस्या आउँछ , कसले हाँसोको बारेमा सोच्छ ? बाइबलले यसरी भन्दछ, परमेश्वर स्वर्गमा बस्नुहुन्छ र आफ्नो शत्रहरु माथि हाँस्नुहुन्छ (हेर्नुहोस् भजनसंग्रह २:२-४) । यदि परमेश्वरले गर्न सक्नुहुन्छ भने हामी पनि गर्न सक्छौँ । जानुहोस् र विश्वासको हाँसो हाँस्नुहोस् । आखिरमा, परमेश्वरले तपाईलाई प्रेम गर्नुहुन्छ र परमेश्वर तपाईको साथमा हुनुहुन्छ भने तपाईको विरुद्धमा को ख़डा हुन सक्छ र ?

# ६

# प्रेम त्यहाँ पुग्दछ

> “र यो आज्ञा (उत्तरदायित्व/बोझ, आदेश, निर्देशन) उहाँबाट हामीले पाएका छौँ: कि जसले परमेश्वरलाई प्रेम गर्छ, त्यसले आफ्नो भाईलाई (विश्वासीलाई) पनि प्रेम गर्नुपर्छ ।”
>
> –१ यूहन्ना ४:२१

तपाई परमेश्वरको विशेष सन्तान हुनुहुन्छ । उहाँले व्यवस्था ७:६ मा तपाईलाई भन्नुहुन्छ । जब तपाईलाई साँच्चै नै तपाई उहाँको निम्ति विशेष हुनुहुन्छ भनेर थाहा हुन्छ र तपाई त्यसले ल्याउने आनन्द र निश्चयताका साथ जीउनुहुन्छ, तब त्यसले तपाईको वरिपरि भएको संसारलाई सकारात्मक तरिकामा प्रभाव पार्नेछ । तपाई आफ्नो अनुहारमा मुस्कान लिएर सुपरमार्केट जानुहुनेछ, यो सोच्दै कि, म प्रेम गरिएको छु । मेरो जीवनमा सबै कुरा ठिक छ । म अरुलाई

परमेश्वरबाट मैले महसुस गर्ने प्रेमद्वारा आशिषित तुल्याउन सक्छु । तपाई जहाँ जानुभए तापनि तपाई खुशी हुन सक्नुहुन्छ र तपाईको आनन्दले अरुलाई आशिषित तुल्याउनेछ । भजनसंग्रह १००:२ ले भन्दछ कि हामीले "हर्षका साथ प्रभुको सेवा गर्नुपर्छ ।"

जब हामी परमेश्वरको समग्र योजनामा आफू कति विशेष छौं र हाम्रो आचरण र व्यवहारहरु त्यही प्रकाश माथि आधारित छन् भनि जान्न सुरु गर्दछौं, तब हामी ख्रीष्टलाई बाँड्न सक्छौं र उहाँको प्रेमलाई विविध तरिकामा देखाउन सक्छौं, जसले मानिसहरुलाई उहाँकँहा खिच्दछ। तपाईंद्वारा बगिरहने परमेश्वरको प्रेमले तपाईलाई मानिसहरुको आवश्यकताहरुप्रति संवेदनशील बनाउनेछ र उनीहरुको निम्ति दया दिन्छ । तपाईभित्र भएको उहाँको प्रेमले तपाईलाई डरबाट स्वतन्त्र पार्नेछ र तपाई अरुहरुकहाँ प्रेमसाथ पुग्न डराउनु हुनेछैन । तपाई अस्वीकृत, अथवा अरुले आफ्नो फाइदा उठाउने कुरादेखि डराउनुहुनेछैनः तपाईमा भएको आवश्यकतालाई तपाईले देख्नुहुनेछ र तिनीहरुलाई पुरा गर्ने प्रयास गर्नुहुनेछ ।

जब परमेश्वरले तपाईद्वारा महान् कामहरु गर्नुहुनेछ भनी भन्नुहुन्छ, तब त्यसमा तपाईले विश्वास गरेको उहाँ चाहानुहुन्छ, किनभने येशू तपाईभित्र वास गर्नुहुन्छ । उहाँले तपाईलाई अरुलाई प्रेम गर्न र सहायता गर्नको निम्ति प्रयोग गर्नुहुन्छ, भनि उहाँमा भरोसा गर्नुहोस् र विश्वास गर्नुहोस् । याद राख्नुहोस्, परमेश्वरको सिद्ध प्रेमले डरलाई हटाउँदछ, त्यसैले विश्वासमा कदम चाल्न, डरलाई तपाईलाई पछाडी पार्न नदिनुहोस् ।

म तपाईलाई भन्न पनि सक्दिन कि कति पटक म “विश्वासको चट्टानी टुप्पा” मा ख़डा भएको छु र, केही डरलाग्दो कुरो गरिरहेको छु र परमेश्वरले यस्तो भन्नुभएको जस्तो देखिन्थ्यो, “आऊ, जॉयस, आऊ ! म तिमीद्वारा धेरै महान् कामहरु गर्नेछु । आऊ ।” हरेक समय जब मैले विश्वासमा कदम चालेको छु, परमेश्वले कहिल्यै पनि मलाई निराश पार्नुभएन ।

के तपाईलाई थाहा छ कि, कदम चाल्ने र असफल हुने विषयमा मैले किन चिन्ता लिनुपर्दैन ? किनभने म जान्दछु, परमेश्वरले मलाई प्रेम गर्नुहुन्छ । उहाँले मलाई प्रेम गर्नुहुन्छ र मैले उहाँलाई प्रेम गर्छु भनि उहाँ जान्नुहुन्छ र उहाँको अनुग्रहद्वारा मैले मेरो जीवन उहाँकै निम्ति अर्पित गरेको छु । यदि तपाईले त्यो गर्नुभएको छ, र तपाई परमेश्वरलाई प्रेम गर्नुहुन्छ र जान्नुहुन्छ, उहाँले तपाईलाई प्रेम गर्नुहुन्छ भने त्यहाँ त्यस्तो कुनै समस्या छैन, जुन माथी तपाई ख्रीष्टद्वारा विजयी हुन सक्नुहुन्न ।

यदि तपाईको साँचो चाहना अरु मानिसहरुलाई सहायता गर्नु हो भने, परमेश्वरले तपाईलाई उनीहरुलाई सहयोग गर्न, सहायता गर्नुहुनेछ । तपाईसँग धेरै क्षमता हुनुपर्दैनः तपाईले केवल आफैलाई परमेश्वरको निम्ति उपलब्ध गराउनु पर्दछ, र बाँकी उहाँले नै गर्नुहुन्छ । तपाईलाई आफ्नो प्रतिभाहरु साधारण छन् भनि महसुस होला, तर कहिलेकाँही केही कुरा जति धेरै साधारण भयो, त्यति नै धेरै शक्तिशाली हुन्छ ।

आफ्नो जीवन स्वार्थीपनामा, आफ्नो सबै ताकत खर्च गर्दै, आफैमा केन्द्रित हुँदै र आफ्नो आवश्यकताहरु पुरा गर्दै नजीउनुहोस् । परमेश्वरलाई भन्नुहोस्, तपाईलाई के चाहिएको छ अथवा आवश्यक छ र परमेश्वरको तरिकाहरुमा संवेदनशील बन्न सक्नुभएकोहोस्, जसले तपाईलाई अरुलाई आशिषीत तुल्याउनको निम्ति पुग्न अगुवाई गर्नेछ । जे कुरा तपाईले अरु कसैको निम्ति पूरा गर्नुहुन्छ, परमेश्वरले त्यो तपाईको निम्ति पनि पूरा गराउनुहुनेछ । जब तपाईलाई खाँचो पर्दछ तब तपाई "खाँचो-विचार" होइन तर "बिउ-विचार" बन्नुहोस्। यसको अर्थ जसै तपाई अरुकहाँ पुग्नुहुन्छ, त्यसलाई तपाईले आफ्नो जीवनमा चाहना गर्नुभएको फसलको निम्ति परमेश्वरले एउटा बिउको रुपमा ग्रहण गर्नुहुन्छ ।

सबै जना समृद्ध हुन चाहन्छन् तर हामीले साँचो समृद्धि के हो सो जान्न आवश्यक छ । तपाईको सामु आउने हरेक खाँचोलाई पुरा गर्न परमेश्वरको क्षमतालाई प्रयोग गर्ने तपाईको क्षमतालाई नै समृद्धि भनी परिभाषित गर्न मलाई मन पर्छ। परमेश्वरको प्रेमले नै तपाईलाई अरुको खाँचोलाई अगाडी राख्ने क्षमता दिदँछ । तपाईलाई लाग्छ कि परमेश्वरले तपाईलाई यति धेरै प्रेम गर्नुहुन्छ कि तपाई ती व्यक्तिहरु कहाँ पनि प्रेम सहित पुग्न सक्नुहुन्छ जो हरुलाई प्रेम गर्न कठिन छः ती गनगन गर्नेहरु र अधन्यवादीहरु ?

तपाईलाई प्रेम गर्नेहरुलाई प्रेम गर्न खास्सै त्यत्ति अनुशासनको आवश्यकता पर्दैन । तर प्रेम गर्न नसकिनेहरुलाई प्रेम गर्न सक्षम बनाउन हामीसँग परमेश्वरको अनुग्रह हुनुपर्दछ । हामीमा बगिरहेको

परमेश्वको प्रेमले यो गर्दछ किनभने उहाँको प्रेम कुनै सर्तहरुमा आधारित छैन । हामीले सित्तैमा पायौँ र हामी सित्तैमा दिन सक्छौँ । प्रेम न कहिल्यै असफल हुन्छ वा मानिसहरुमा हार मान्दछ । यसको निम्ति एक वर्ष लाग्न सक्छ । यसको निम्ति ५ बर्ष लाग्न सक्छ । यसको निम्ति २५ बर्ष पनि लाग्न सक्छ । तर यो योग्यको छ । धैर्य गर्न वा प्रेम गर्न नसकिनेलाई प्रेम गर्नलाई तपाईलाई कठिन भइरहेको छ भने त्यो समयको स्मरण गर्नुहोस् जब परिवर्तन गर्न दिनको निम्ति परमेश्वर तपाईलाई पर्खिराख्नु भएको थियो तापनि उहाँले तपाईलाई निरन्तर प्रेम गर्नुभयो । १ कोरिन्थी १३ ले हामीलाई भन्दछ कि प्रेम सहनशिल हुन्छ, दयालु हुन्छ र नम्र हुन्छ । यो आफैलाई खोज्ने, भावुक वा सजिलै अप्रसन्न हुँदैन । यी गुणहरु त्यही हुन् जो येशुले हाम्रो हृदयमा आफ्नो प्रेमद्वारा खन्याउनुभएको छ र हामीले पनि चोट पाएकाहरुलाई, हराएका मानिसहरुलाई जो हरु उनीहरुको जीवनमा परमेश्वरको प्रेम पाउनलाई भोका छन्, उनीहरुलाई हामीले त्यसै गर्नुपर्छ ।

परमेश्वरले तपाईलाई प्रेम गर्नुहुन्छ, र तपाईको वरिपरि भएका सबै मानिसहरुलाई पनि उहाँले प्रेम गर्नुहुन्छ । उनीहरु चाहे बचाइएका होऊन् या नहोऊन्, परमेश्वरले उनीहरुलाई प्रेम गर्नुहुन्छ, र उहाँ आफ्नो प्रेम उनीहरु माथि खन्याउनको लागी तपाईलाई एक माध्यमको रुपमा प्रयोग गर्न चाहानुहुन्छ ।

कदम बढाउन नडराउनुहोस् । परमेश्वरको प्रेमले तपाईलाई सबै डर र दोषबाट स्वतन्त्र पार्दछ, र उहाँले तपाईलाई प्रेम गर्ने सक्षम बनाउनु हुँदैछ । परमेश्वरको प्रेम अरुसँग बाँड्न निर्धारित हुनुहोस् ।

उनीहरुसँग सरल रुपमा साथी भएर शुरुवात गर्नुहोस् । तपाई जाने हरेक ठाँउमा अरु मानिसहरुप्रति मित्रवत र आषिश बन्ने काम गर्नुहोस् ।

सामान्य अतिथी सत्कार पनि प्रेम देखाउने एउटा तरिका हो, विषेश गरी ती व्यक्तिहरुको निम्ति जो एक्लो र निरुत्साहित छन् । मानिसहरुलाई रात्री खानाको निम्ति घरमा बोलाउनुहोस् । तपाईलाई भेट्नको निम्ति मानिसहरुलाई आउन दिनुहोस् । मानिसहरुसँग हात मिलाउनुहोस् र हाँस्नुहोस् । केही व्यक्तिलाई अंकमाल गर्नुहोस् वा उत्साहका शब्दहरु दिनुहोस् । व्यवहारिक सहायता दिनुहोस्, जस्तै कसैको गाडी मर्मत गर्न लगेको छ भने उसलाई कार्यलय पुऱ्याईदिनुहोस् । तपाईको काम गर्ने ठाँउमा नयाँ कर्मचारी आएको छ भने उसकहाँ जानुहोस् र शहर चिनाउनको निम्ति तपाईले सहायता गर्नुहोस् । हुन सक्छ त्यो काम तपाईको निम्ति ठुलो र महत्वपूर्ण नहुन सक्छ, तर त्यो परमेश्वरको निम्ति भने महत्वपूर्ण छ । परमेश्वरको निम्ति मानिसहरु महत्वपूर्ण छन् ।

त्यहाँ त्यस्ता मानिसहरु छन् जसकहाँ केवल तपाई मात्र पुग्न सक्नुहुन्छ । परमेश्वरको प्रेमद्वारा उनीहरुकहाँ पुग्नको निम्ति उहाँसँग सहायता माग्नहोस्, र उहाँले तपाईलाई सिकाउनुहुनेछ ।

# ७

# परमेश्वरको प्रेमले तपाईंलाई परिवर्तन गर्दछ

"प्रेम यसैमा छ, कि हामीले परमेश्वरलाई प्रेम गरेका होइनौं, तर उहाँले हामीलाई प्रेम गर्नुभयो, र हाम्रा पापको प्रायश्चित हुनका निम्ति आफ्ना पुत्र पठाउनुभयो।"
- १ यूहन्ना ४:१०

परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ, तर मलाई लाग्दैन कि हामीमध्ये धेरै जनाले वास्तवमा उहाँको प्रेम कति महान् छ वा उहाँले हामीलाई कति प्रेम गर्नुहुन्छ भनी बुझ्दछौं । यो विषयको मेरो अध्ययनमा परमेश्वरले मलाई देखाउनुभएको छ कि, यदि हामीले वास्तवमै भित्री गहिराईमा यो जान्दछौं कि परमेश्वरले हामीलाई कत्ति प्रेम गर्नुहुन्छ भनेर तब हामी निकै फरक व्यवहार गर्न थाल्दछौं ।

परमेश्वरको प्रेम तपाईप्रति कति छ भनेर मनन् गर्नुहोस् । त्यही कुराले नै तपाईलाई परिवर्तन गर्दछ । यदि तपाईको आफ्नो विषयमा तपाईलाई मन नपर्ने केही कुराहरु छन् भने परमेश्वरले तपाईलाई प्रेम गर्नुहुन्छ भनेर वास्तवमै जान्नु र त्यसमा विश्वास गर्नाले परमेश्वरले काम गर्ने समयसम्मको तपाईको पर्खाइको यात्रालाई यसले आनन्दले भर्नेछ । यदि तपाई केवल आफ्नो गल्तीहरुको कारण निराश भएर बस्नुहुन्छ भने तपाई कहिल्यै परिवर्तन नहुन सक्नुहुन्छ। याद गर्नुहोस्, परमेश्वर विश्वासद्वारा काम गर्नुहुन्छ र साँचो विश्वासले हामीलाई परमेश्वरको विश्राममा प्रवेश दिँदछ (हेर्नुहोस् हिब्रू ४) ।

यस्तो देखिन्छ कि, त्यहाँ धेरै मानिसहरु छन् जसको सम्बन्ध आफैँसँग राम्रो छैन । उनीहरु आफैँलाई मन पराउँदैनन् र सम्भवतः उनीहरु आफैँलाई घृणा पनि गर्दछन् । तपाईको विषयमा आफैँले कस्तो महसुस गर्नुहुन्छ भन्ने कुरामा यदि तपाई संघर्ष गर्नुहुदैँछ भने म तपाईलाई यो याद दिलाउन चाहन्छु कि तपाईले गर्नुभएको नराम्रो कामहरुलाई तपाई घृणा गर्नुहोस् तर तपाईले आफैँलाई कहिल्यै पनि घृणा नगर्नुहोस् । तपाईप्रति उहाँको महान् प्रेमको कारण येशू ख्रीष्ट तपाईको लागि मर्नुभयो र यो बहुमूल्य उपहार तपाईले ग्रहण गर्नुभएको उहाँ चाहनुहुन्छ ।

बाइबलले भन्दछ, “उसले आफ्नो हृदयमा जे विचार गर्दछ, ऊ त्यही बन्दछ (हितोपदेश २३:७) ।” यदि तपाई आफ्नो विषयमा खाली नराम्रो महसुस गर्नुहुन्छ, आफैँलाई इन्कार गर्नुहुन्छ र आफू कतिको विशेष हुनुहुन्छ भन्ने कुरा थाहा पाउनुहुन्न, तपाईसँग परमेश्वरको

शान्ति र आनन्द हुँदैन र तपाईको मनोवृत्ति र क्रियाकलापले पनि यो कुरा देखाउनेछ र यो सबै त्यही शक्तिशाली जीवन परिवर्तन गर्ने सत्यता जोचाहिँ तपाईले जानेको भन्दा पनि बढ्ता गरी परमेश्वरले तपाईलाई प्रेम गर्नुहुन्छ भन्ने सत्यत ालाई आफ्नो हृदयमा नपक्रिनुको कारणले हो ।

तपाईले दैनिक रुपमा परमेश्वरसँग समय बिताएको उहाँ चाहनुहुन्छ । त्यसैले नै तपाईलाई परिवतर्न गर्दछ । यदि तपाईले परमेश्वरलाई पहिलो स्थानमा राख्नुभएन भने, तपाईलाई उहाँले त्यस्तो त्यस्तो स्थानमा राख्नुहुदैँछ जहाँ परमेश्वरले तपाईको निम्ति उहाँले चाहनुभएका भएका कुराहरु गर्न उहाँ सक्षम हुनुहुन्छ । यो परमेश्वरसँग बिताउने तपाईको व्यक्तिगत समय हो, केवल उहाँलाई प्रेम गर्दै र आफूलाई उहाँद्वारा प्रेम गर्न दिँदै, जसले तपाईलाई बलियो, निडर, र परिपक्क बनाउदँछ ।

धेरै मानिसहरुले बाहना बनाउँदछन् र परमेश्वरसँग बलियो सम्बन्ध निर्माण गर्न समय दिदैँनन् । उनीहरु उहाँसँग असल सम्बन्ध भएको त चाहन्छन् तर उनीहरु आफैलाई अनुशासनमा राख्दैनन् र असल बानी जस्तै प्रार्थना गर्ने, वचन पढ्ने बानीलाई विकास गर्दैनन् । तपाईलाई उक्त समस्या भई रहेको छ भने प्रार्थना गर्नुहोस् र हरेक दिन उहाँसग समय बिताउने बानिको विकाश गर्न परमेश्वरसँग सहायता माग्नुहोस् । हामीले गर्न सक्ने सबै भन्दा उत्तम कुरा यही हो ।

परमेश्वरको प्रेमले तपाईलाई परिवर्तन गर्दछ । जसै तपाईले उहाँको प्रेमलाई अनुभव गर्नु हुन्छ र दैनिक रुपमा त्यस विषयमा सचेत र

जागो रहनुहुन्छ, तपाईले आफ्नो इच्छा र चाहनाहरु परिवर्तन भएको भेट्टाउनुहुन्छ । तपाई येशू जस्तै बन्न चाहनुहुनेछ, जस्ले तपाईलाई प्रेम गर्नुहुन्छ । परमेश्वरको चरित्रलाई जान्ने र त्यसमा विकाश हुने कुरा चाहीँ हाम्रो जीवनको प्रमुख कार्यहरु मध्ये एक हुनुपर्दछ । पावलले यसरी भने कि उनको निर्धारित उद्देश्य भनेको नै ख्रीष्टलाई जान्न र पुनरुत्थानको शक्तिलाई जान्नु थियो (हेर्नुहोस् फिलिप्पी ३:१०) । कृपया यहाँ ध्यान दिनुहोस् कि पावलले भने की उनले निर्धारण गर्नु पर्‍यो । म तपाईहरुलाई यो उत्साह दिन्छु कि परमेश्वर प्रतिको तपाईको सम्बन्ध प्रति तपाई गम्भिर हुनुहोस् । तपाई परमेश्वरको जति नजिक हुन चाहनुहुन्छ तपाई त्यही नै उहाँको नजिक हुनुहुनेछ; यो तपाईले उहाँलाई कति समय दिन इच्छुक हुनुहुन्छ त्यसमा भर पर्दछ । बाइबलले भन्दछ कि हामी परमेश्वरको व्यक्तिगत प्रतिनिधिहरु हौँ र उहाँले उहाँका अनुरोधहरु यस संसारमा गर्दैहुनुहुन्छ (हेनुहोस् २ कोरिन्थी ५:२०) ।

यो पदले सधैँ नै मेरो हृदयलाई पक्रिन्दछ, र हामी परमेश्वरको आत्माको अगुवाईलाई पछ्याऔँ भनी ताजा महशुस गराईदिनुहुन्छ जुन यति महत्वपूर्ण छ र परमेश्वरको उद्देश्यको निम्ति उहाँ हामीभित्र काम गर्नुहुन्छ, परिवर्तन गर्नुहुन्छ र हामीलाई आकार दिनुहुन्छ । पवित्र आत्माद्वारा परमेश्वरको प्रेम हाम्रो हृदयमा खन्याइएको छ (हेर्नुहोस् रोमी ५:५) । यसलाई प्राप्त गर्नुहोस्, यसमा रमाउनुहोस् र तपाईलाई परिवर्तन गर्न दिनुहोस् ।

# नयाँ जीवनको अनुभव गर्नुहोस्

यदि तपाईले कहिल्यै पनि येशूलाई तपाईको प्रभु र मुक्तिदाता हुन निमन्त्रणा दिनुभएको छैन भने, त्यसो गर्नको निम्ति म तपाईलाई निमन्त्रणा दिदँछु । खुला र पुर्ण हृदयले यो प्रार्थना गर्नुहोस् र परमेश्वरसँग तपाईको निम्ति ख्रीष्टमा भएको नयाँ जीवनलाई अनुभव गर्न शुरु गर्नुहोस् ।

> पिता परमेश्वर, म विश्वास गर्दछु कि येशू ख्रीष्ट तपाईको पुत्र हुनुहुन्छ, यस संसारको मुक्तिदाता हुनुहुन्छ । म विश्वास गर्दछु कि उहाँ मेरो खातिर क्रुसमा मर्नुभयो, र मेरो सबै पापहरुलाई बोक्नुभयो । उहाँ मृत्युबाट पुन्रुथान हुनुभयो र यसो गरेर उहाँले मृत्यु र चिहान माथि विजय हासिल गर्नुभयो । म विश्वास गर्दछु कि येशू अहिले जीवित हुनुहुन्छ र तपाईको दाहिने हातपट्टि विराजमान हुनुहुन्छ । मलाई तपाईको खाँचो छ, येशू । मेरो पापहरुबाट मलाई क्षमा गर्नुहोस् र मलाई

> बचाउनुहोस्, र म भित्र बास गर्नुहोस् । म नयाँ गरेर जन्मन चाहान्छु । म तपाईको निम्ति जिउन चाहान्छु । मलाई बचाउनुभएको निम्ति र तपाईको निम्ति नयाँ जीवनमा जिउनको निम्ति सहायता गर्नुभएको लागि तपाईलाई धन्यवाद ।

अब यो विश्वास गर्नुहोस् कि येशू तपाईको हृदयमा बास गर्नुभएको छ । विश्वास गर्नुहोस् कि तपाईले क्षमा पाउनुभएको छ, येशूको रगतद्वारा धर्मी बनाइनुभएको छ, र तपाई एकदिन निश्चय नै स्वर्ग जानुहुनेछ ।

एउटा असल मण्डली खोजेर जानुहोस् जहाँ उनीहरुले ख्रीष्टसँगको तपाईको सम्बन्धलाई हुर्काउनको लागि परमेश्वरको वचन सिकाउन सकून । हामी परमेश्वरको प्रेमको शक्ति र उहाँको वचन जो हाम्रो जीवनमा काम गर्दछ त्यसदूारा परिवर्तन हुदँछौँ, त्यसैकारणले हामीले उहाँको वचनको सत्यता जान्नु अत्यन्तै महत्वपूर्ण छ ।

यूहन्ना ८:३१-३२ पदले यसरी भन्दछ "तिमीहरु मेरो वचनमा रह्यौ भने तिमीहरु साँच्चै मेरा चेला हौ । तब तिमीहरुले सत्य के हो सो जान्नेछौ, र सत्यले तिमीहरुलाई स्वतन्त्र तुल्याउनेछ ।"

परमेश्वरको वचनलाई पक्रिराख्न र आफ्नो हृदयको गहिराईमा रोप्नको निम्ति म तपाईलाई उत्साह दिदँछु, र २ कोरिन्थी ३:१८ मा तपाईले वचनमा हेर्नुभयो भने त्यसअनुसार तपाई येशू ख्रीष्टको प्रतिरुपमा रुपान्तरण हुनुहुनेछ ।

तपाईले येशूलाई स्विकार गर्नुभयो भने कृपया मलाई पत्राचार गर्नुहोस् र मलाई थाहा दिनुहोस् र ख्रीष्टमा नयाँ जीवन कसरी शुरु गर्ने भन्ने विषयको सित्तैको पुस्तक माग्नुहोस् ।

प्रेम सहित,
जॉयस

# मुक्तिको प्रार्थना

परमेश्वरले तपाईलाई प्रेम गर्नुहुन्छ र तपाईसँग व्यक्तिगत सम्बन्ध राख्न चाहानुहुन्छ । यदि तपाईले येशू ख्रीष्टलाई आफ्नो मुक्तिदाताको रुपमा स्विकार गर्नुभएको छैन भने, तपाईले अहिले गर्न सक्नुहुन्छ । केवल तपाईले आफ्नो हृदय उहाँको लागी खोल्नुहोस् र यो प्रार्थना गर्नुहोस् ।

"पिता म यो जान्दछु कि मैले तपाईको विरुद्धमा पाप गरेको छु । कृपया मलाई क्षमा दिनुहोस् । मलाई धुनुहोस् । म यो प्रतिज्ञा गर्दछु कि कि म तपाईको पुत्र येशुमा भरोसा गर्दछु । म यो विश्वास गर्दछु कि उहाँ मेरो खातिर मर्नुभयो - मेरो पापहरुलाई उहाँमाथि लिनुभयो जब उहाँ क्रुसमा मर्नूभयो । म विश्वास गर्छु कि उहाँ मृत्यूमा जीवित भई उठ्नुभयो । म अहिले मेरो जीवन येशुलाई अर्पण गर्दछु ।"

"धन्यवाद पिता, तपाईको क्षमादान र अनन्त जीवनको लागि । कृपया मलाई तपाईको निम्ति जिउन सहायता गर्नुहोस् । येशूको नाउँमा आमेन ।"

जसै तपाईले आफ्नो हृदयबाट यो प्रार्थना गर्नुभयो, परमेश्वरले तपाईलाई लिनभएको छ, तपाईलाई धुनुभएको छ र आत्मिक मृत्यूको बन्धनबाट तपाईलाई स्वतन्त्र पार्नुभएको छ । समय निकालेर यी वचनका खण्डहरु अध्ययन गर्नुहोस् र तपाईको यो नयाँ जीवनको यात्रामा जसै तपाई हिड्नुहुन्छ परमेश्वरलाई तपाईसँग बोल्नको निम्ति भन्नुहोस् ।

- यूहन्ना ३:१६
- एफिसी १:४
- १ यूहन्ना १:९
- १ यूहन्ना ५:१
- १ कोरिन्थी १५:३-४
- एफिसी २:८-९
- १ यूहन्ना ४:१४-१५
- १ यूहन्ना ५:१२-१३

बाइबलमा विश्वास गर्ने असल मण्डली भेट्टाउनको निम्ति परमेश्वरलाई भन्नुहोस् र प्रार्थना गर्नुहोस् ताकि तपाईलाई खीष्टसँगमा सम्बन्धमा हुर्कन उत्साह मिल्न सकोस् । परमेश्वर सधैं तपाईको साथमा हुनुहुन्छ । उहाँले हरेक दिन तपाईलाई अगुवाई गर्नुहुन्छ र तपाईको निम्ति उहाँसँग भएको प्रशस्तको जीवनमा कसरी जीउने उहाँले देखाउनुहुनेछ ।

# लेखिकाको विषयमा

जॉयस मेयर विश्वकै अग्रणी व्यावहारिक बाइबल शिक्षकहरुमध्ये एक हुनुहुन्छ । उहाँको दैनिक जीवनमा आनन्द मनाउनु (Enjoying Everyday Life) नामक दैनिक प्रसारण विश्वभरि सयौँ टेलिभिजन सञ्जालहरु र रेडियो स्टेशनभरि देख्न र सुन्न पाइन्छ ।

जॉयसले १०० भन्दा बढी प्रेरणादायी पुस्तकहरु लेख्नुभएको छ । उहाँका उत्कृष्ट पुस्तकहरु लेख्नुभएको छ । उहाँका उत्कृष्ट पुस्तकहरु मध्येमा गड इज नट म्याड एट यू (God Is Not Mad at You), मेकिङ्ग गुड ह्याबिट्स (Making Good Habits), ब्रेकिङ्ग ब्याड ह्याबिट्स (Breaking Bad Habits), डू योर सेल्फ अ फेवर…फरगिभ (Do Yourself a Favor… Forgive), लिभिङ्ग बियोण्ड योर फिलिङ्गस् (Living Beyond Your Feelings), पावर थट्स (Power Thoughts), ब्याटलफिल्ड अफ द माइनड् (Battlefield of the Mind), लूक ग्रेट, फिल ग्रेट (Look Great, Feel Great), द कन्फिडेन्ट वुमन (The Confident Women), आई डेयर यु (I Dare You), र नेभर गिभ अप (Never Give Up !) हुन् ।

जॉयस वर्षैभरि सम्मेलन सञ्चालन गर्न र विश्वका हजारौँ मानिसहरु बीचमा बोल्नको निम्ति अत्याधिक रुपमा यात्रा गर्ने व्यक्ति हुनुहुन्छ ।

To contact the author in the United States, please write:

Joyce Meyer Ministries
P.O. Box 655,
Fenton, Missouri 63026
or call: (636) 349-0303
or log on to: www.joycemeyer.org

**Go to tv.joycemeyer.org**
**to watch Joyce's messages in a variety of languages**

*जब तपाई हामीलाई लेख्नुहुन्छ, कृपया तपाईको गवाही वा यो पुस्तकबाट पाउनुभएको सहायतालाई समावेश गर्नुहोस् । हामीलाई तपाईको प्रार्थनाका बिन्तिहरु पनि पठाउन सक्नुहुन्छ ।*